# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

स्वर्गवासी रामजी तेवारीसम्बन्धी अङ्क
( २ सङ्ख्या )

५७

पू

र्णा

ङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

–बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

१५ वर्ष

१ अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
( संशोधन–मण्डलद्वारा )

यस अङ्कको मूल्य रु. १५।–

# हाम्रा प्रकाशित कृति

(संशोधन–मण्डलतर्फबाट)

| | रु. |
|---|---|
| १. पूर्णिमा १ देखि ५८ अङ्कसम्म | ३२८।५० |
| २. अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३ इतिहास–संशोधन | ५०। |
| ४. सावधान–पत्र | १५। |
| ५. विद्या–रक्षा | २०। |
| ६. व्याकरण–संशोधन | ३।५० |
| ७. पञ्चाङ्ग–संशोधन | १५। |
| ८. बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर | २। |
| ९ रत्नदीप | २।५० |
| १०. वृत्तशतक | ३। |
| ११. नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य | ५। |
| १२. श्री ३ महाराज पद्‌मशमशेरका कुरा | १२। |

(नेपाल– सांस्कृतिक– परिषद्‌तर्फबाट)

| | |
|---|---|
| १. जयरत्नाकरनाटक | ८। |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. ऐतिहासिक– पत्रसङ्ग्रह ( पहिलो भाग) | ४।५० |
| ४. ऐतिहासिक– पत्रसङ्ग्रह ( दोस्रो भाग ) | ३।५० |

(जगदम्बा– प्रकाशनतर्फबाट )

| | |
|---|---|
| १. गल्लीमा पर्याँकिएका कसिङ्गर | ६।२५ |
| २. इतिहास– संशोधनको प्रमाणप्रमेय | १८। |
| ३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१– ५ खण्ड) | ४१। |

(त्रि. वि. वि. पाठ्यक्रमविकासकेन्द्रतर्फबाट)

| | |
|---|---|
| १. गोलबोध | १३।७२ |
| २. सुमतितन्त्र (त्रि. वि. वि. संस्कृतअध्ययनसंस्थानको आयोजनामा तयार भएको) | १०२।५० |

(नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानतर्फबाट)

| | |
|---|---|
| १. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | १६।४० |
| २. प्राचीन र नवीन गणितको तुलना | १५। |
| ३. त्रिकोण मिति (ज्योत्पत्ति) | |
| ४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या | |

# विषय सूची


| | | |
|---|---|---|
| १. हाम्रो वक्तव्य | | २ |
| २. वकील दीनानाथ उपाध्यायले वि. सं. १८५५ कार्तिकशुदि ६ रोज ५ को दिन लेखेको अर्जी | रामजी तेवारी | ३–६ |
| ३. श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट काजी रेवन्त कवरलाई वि. सं. १८६६ मार्गशुदि ३ रोज ७ को दिन गएको पत्रको मसौदा | ,, | ६–७ |
| ४. श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट काजी दलभञ्जन पाँडे र काजी अमृतसिह थापालाई वि. सं. १८६६ मार्गशुदि ३ रोज ७ को दिन गएको पत्रको मसौदा | ,, | ७–८ |
| ५. बूढाकाजी अमरसिह थापाहरूलाई शिवदत्त रायले लेखेको पत्र | ,, | ८–१० |
| ६. ज. अमरसिह थापाले ज. भीमसेन थापा र काजी रणध्वज थापालाई बुटवलबाट वि. सं. १८७० माघवदि १ रोज ६ को दिन लेखेको पत्र | ,, | १०–११ |
| ७. ज. भीमसेन थापाले सिलनेन नमग्याल बिष्टलाई वि. सं. १८७२ माघवदि २ रोज ७ को दिन लेखेको चिठोको मसौदा | ,, | ११–१२ |
| ८. बलभञ्जन पाँडेले मटिहानीबाट वि. सं. १८७४ आषाढवदि १४ रोज ७ को दिन लेखेको अर्जी | ,, | १२–१३ |
| ९. ज. भीमसेन थापालाई वकील चन्द्रशेखर उपाध्यायले कलकत्ताबाट वि. सं. १८७५ वैशाखवदि ६ रोज ४ को दिन लेखेको पत्र | ,, | १३–१७ |
| १०. सुरा सिंज्युले अमृतसरबाट वि. सं. १८७५ आश्विनवदि ८ रोज ४ को दिन पठाएको अर्जी | ,, | १८–१९ |
| ११. ज. भीमसेन थापालाई कप. करवीर पाँडेले तिखागढीबाट वि. सं. १८७६ माघवदि ४ रोज ३ मा लेखेको पत्र | ,, | १९ |
| १२. ज. भीमसेन थापाले काजी बखतवारसिंह बस्न्यातलाई वि. सं. १८७८ भाद्रशुदि ७ रोज ३ को दिन लेखेको पत्रको मसौदा | ,, | २० |
| १३. चौ. प्राण शाह, ज. भीमसेन थापा, काजी बहादुर भँडारीलाई राजकुमार गङ्गासेवक साहले बेलघाटबाट वि. सं. १८७९ मार्गवदि १ रोज ६ को दिन लेखेको पत्र | ,, | २०–२१ |
| १४. तुलाराम घर्तीले लेखेको पत्र | ,, | २१–२२ |
| १५. ज. भीमसेन थापालाई वकील चन्द्रशेखर उपाध्यायले कलकत्ताबाट वि. सं. १८८० आश्विनवदि २ रोज २ को दिन लेखेको पत्र | ,, | २२–२४ |
| १६. रामनगरका राजा तेज:प्रताप सेनले ज. भीमसेन थापालाई वि. सं. १८८२ श्रावणशुदि ६ रोज ६ को दिन लेखेको पत्र | ,, | २५ |

१७. वि. सं. १८८२ को कपर्दारीरकमको दर्शनभेट ,, २५–२६
१८. ज. भीमसेन थापालाई लेखेको पत्र ,, २६–२७
१९. ज. भीमसेन थापालाई वकील उमाकान्त उपाध्यायले कलकत्ताबाट वि. स १८८३ श्रावणशुदि १ रोज ६ को दिन लेखेको पत्र ,, २७–२९
२०. ज भीमसेन थापालाई देवऋषि उपाध्यायले पटनाबाट वि. सं. १८८३ कार्तिकशुदि १३ रोज १ को दिन लेखेको चिठी ,, ३०–३१
२१. रामनगरका राजा तेज:प्रताप सेनले ज. भीमसेन थापालाई हरिनगरबाट वि. सं. १८८३ माघवदि ३० रोज ६ मा लेखेको पत्र ,, ३१–३२
२२. रामनगरका राजा तेज:प्रताप सेनले सुब्बा भवानीदत्त थापालाई रामनगरबाट वि. सं. १८८४ पौषशुदि ४ रोज ७ को दिन लेखेको चिठी ,, ३३
२३. पण्डितराज कृष्ण पण्डितले रामनारायण श्रेष्ठलाई वि. सं. १८८४ चैत्रवदि ५ रोज ५ को दिन लेखेको पत्र ,, ३४
२४. ज. भीमसेन थापालाई वकील उमाकान्त उपाध्यायले कलकत्ताबाट वि. सं. १८८६ मार्गशुदि १० रोज ७ को दिन लेखेको पत्र ,, ३४–३८
२५. रामनगरको रानी अमरराज्यलक्ष्मीले ज. भीमसेन थापालाई रामनगरबाट बि. सं. १८९० आषाढशुदि ४ रोज ६ को दिन लेखेको पत्र ,, ३९
२६. वि. सं. १८९० मा श्री ५ राजेन्द्रबाट भएको छातादानको पत्र ,, ३९–४०
२७. पण्डितराज रङ्गनाथ पौडेलले ज. भीमसेन थापालाई बनारसबाट लेखेको पत्र ,, ४०–४१
२८. पञ्जाबराज्यको खबर ,, ४२
२९. जमादार मन्नूसिंह, जमादार अमानसिंह अधिकारी र मेजर रघुले लखनौबाट वि. सं. १८९४ फाल्गुनवदि ६ रोज ५ को दिन लेखेको अर्जी ,, ४१–४३
३०. वि. सं. १८९५ आश्विनशुदि ३ रोज ६ मा कालिकाझाडबाट पठाइएको अर्जी ,, ४३–४४
३१. वि. सं. १८९५ चैत्रशुदि ३ रोज ४ को दिन लाहुरबाट पठाइएको अर्जी ,, ४४–४६
३२. वि. सं. १८९७ को कोतको लगत ,, ४६–४८
३३. कान्तमणि वैद्यको अर्जी ,, ४८

# रामजी तेवारी



जन्म–वि० सं० १९७३ मार्ग १६ गते मार्गशुक्ल षष्ठी बृहस्पतिवार
मृत्यु–वि० सं० २०४० भाद्र २२ गते भाद्रशुक्ल प्रतिपद् बुधवार

# स्वर्गवासी रामजी तेवारीको सङ्ग्रहमा रहेका अप्रकाशित पत्र

# हाम्रो वक्तव्य

वि. स. १९९३ देखि नेपालको इतिहास बनाउन काम लाग्ने सामग्रीको खोजमा लाग्नुभएका श्रीरामजी तेवारी नयाँ ऐतिहासिक सामग्री भेट्टायो कि त्यसलाई सङ्ग्रह गर्नेतिर लागिहाल्नुहुन्थ्यो । यही स्वभावअनुसार उहाँ आफूलाई फुर्सद भएको समयमा शिलापत्रहरू खोजेर हिँड्ने गर्नुहुन्थ्यो ।

श्री ३ जुद्धको शासनकालमा वि. सं. १९९६ तिर कागतकारखानालाई सरकारी अड्डाखानामा रहेका पुराना कागतपत्र दिने क्रममा कागत छान्न खटिएका जागीरदारमध्ये श्रीरामजी तेवारी पनि हुनुहुन्थ्यो । त्यस अवस्थामा आफ्नो दृष्टिमा महत्त्वपूर्ण ठहरिएका केही कागतपत्र उहाँले राख्नुभएको रहेछ । ती कागतपत्रमध्ये केही कागतपत्र पहिले नै छापिइसकेका थिए । छापिन बाँकी ती कागतपत्रमध्ये केही कागतपत्र पूर्णिमाको यस अङ्कमा छापिएका छन् । स्वर्गवासी श्रीरामजी तेवारीको सङ्ग्रहका अरू पत्रहरू पनि पूर्णिमाका आगामी अङ्कमा छापिनेछन् ।

# वकील दीनानाथ उपाध्यायले वि. सं. १८५५ कार्तिकशुदि ६ रोज ५ को दिन लेखेको अर्जी

श्रीदुर्गा

[अर्जि] —— —— ——

१. …को हकिगत सुन्याको षवर अघि बिन्ती लेषि चह्राइ पठायाको हो. दाषिल भै जाहेर भयो हो. अबको हकिग(त)

२. …छ. फरासिसहरु मिश्र भन्याका मुसलमानका मुलुकमा चह्राइ गर्न गयाका सिकिस्त षाया भन्न्या ष(बर)

३. (अघि पठाया)को हो. – –पनि लेष्यैको हो. फेरि षत्रर दोहरिब. २५ हजारको अन्दाजा (फ)रासिस एक दर्म्यानमा दरी ..

४. …मुसलमानका मुलुकमा हल्ला गर्‍याछन्. पछि अगरेज साहेबहरुले चाल पायाछन् र जगि ...

५. …लागि – ना जहा(ज)मा चह्रिकन फरासिस उंत्रो हल्ला गर्न गयाथ्या. उंही फरासिसका जहाज अगरे(ज साहे)बहरुले

६. लुटि लैआया.… डी अगरेज साहेबहरुले मान्या भन्दा सुनि मिश्रका मुसलमानले पनि चह्राइ गर्न्या फरासिसलाइ घेरि राष्या–

७. छन्. एक पनि उ(का)सन पावैनान् भन्छन्. यो षबर इहा कलकता आउंदा साहबहरु पनि षुसि भया. एस्कुराको षसिनामाको (षलि)–

८. ता पनि सर्कारम(ा) – – चह्राइ पठायाको छ दाषिल होला. उंप्रान्त पुनातिर अघिका जस्तो विरुध छैन. मेल हुन्या डौल भैरहे (छ. बा–)

९. जेरावले गादिमा रहन. कारोवार नान्हा फन्नबिसले गर्नु. दौलतसिहले कम्पुसमेत दिलली (पठा)उंनु. यो बन्दोब(स्त) साहबहरुलाइ पनि

१०. पसिन्द छ. एही बात ठहर्ला भन्छन. साहतिर(को ष)बर भन्या आउंछन् भन्ना बोली अ(गरे)जले छोडयाको छैं(न) आउंछन् – – छन्

११. एस ठाउंमा आया भन्न्या षवर नीषो आयाको छैन. गुलाम म्हमंद षा रोहिलाको कबिलदारि–– रामपुरमाथी…

१२. रका सलाहले उंनका लडका बाला रामपुरदेषी लषनौ लैया…षबर छ. उप्रान्त उंप्रनाथ सि(ह र)ाजा कैदबाट छुटि सहर…

१३. बाहेर नजानु भन्या करार गरि छुट्टानी भयाको — ेग्य गर्न्याका तरफले उकिल आयाको षबर (अ)वि बिन्ती लेष्यँको (हो).···

१४. का बातचित सोधनी गर्दा आजकाल असाम मुलुक षान्याहरुले उग्रनार्थसिहलाइ यो राजा हुन्या होइन भनी ठोकन सक ···

१५. क्या हुन्छ. हालसाल हक उग्रनार्थसिहकै होला भन्या जस्तो मानी राष्याछन्. दुवै थोक बाझन जादा अगरेज साहबहरु वि...

१६. छन्. अन्नतम्म लेषाइ पठ्हाइ भन्या कतैतिर लौ आको छैन. केही तरहले उग्रनार्थसिहलाइ इहाबाट उंकासि पठाउं ...

१७. गी रहयाछ. कस्तो परि आउछ. एक्टा — — गर — — न्या हो भन्नानिमीत्य अगरेज साहबबाट कुमक पाइ राज्यका गादिमा बस्य(ा).···

१८. सर्कारका मदतले गादिमा बस्या पनि··· (दु)इ लाष एक रुपैंआ सालीना सर्कारमा भ(र्नु) भनि उग्रनार्थसि···

१९. अत दस्तावेज लेषाइलीञ्यु सर्कार(ब)ाट आय(ा)का क्रीपापत्रको उंतारा पनि लेष्या. सालीना दुइ लाष एक रुपैंआको···

२०. चह्राइ पठायाको छ. दाषिल होला. धम(ी) इ भै काजमय सिदिआ. राजालाइ पनि एका छेउं··· षि आफुल···

२१. गर्नुपर्ला. कथाचीत धर्मा पनी भाइ भै काजका सोरामा आ — न. इहाबाट राजालाइ (प नि साहबहरु छोडेनान्. के...

२२. कुमक दि एताबाट राजाको काम पुगन गया पनि ति लेषिदिआका दुइ लाष रुपैंआ सालबसाल सर्कारमा दाषि(ल) ... सम···

२३. संच्ये छैन. एति रुपैंआको मुलुक छुट्टयाइ लीउं भन्या पनि हुन्याछ. दस्तावेज नीको गरि राषन मर्जि होला. उप्रान्त ताहाबाट काजको···

२४. उ आइ पऱ्यामा सिपाहीले मात्रै बन्दुक चलाउंनु अरुले हेरिरहनु बढिआ होइन. बेलाएतमा पनि बडा बडा उंमदा माहाजन रैअत सबै -

२५. ले कबाएत सिष्या. सोइ सरह इहा कलकतामा पनि कौसली गैरह बडाबडा जील्लेदार जज माहाजन बेपारि टोपीवाला अस ..

२६. सल अरमनि गुरबिन षाको जात एक टोपी इ सबैले बन्दु(क स)माइ कबाएत सिषनु भनि हुकुम भै रहेछ. बडा साह(ब) ...

२७. न्छन्. धमाधम कबाएत सिष्छन्. उंप्रान्त कौलीकपादरिक साहब पनि आजकाल बडा साहबका सलाम्···

२८. मा अलाहीदा हुन्दैनान्. हमेस साथ रह(न्छन्). बाहेरबाट वेषदा पनि बडा साहेबको बहुतै मेहर देखिन्छ. सर्का(र)···

२९. तचित पर्दा पनि घँरषाहिका डौलसित बोलछन्. परन्तु (बडासा)हब नेपाल् पठाइ - -- अषलासि परसम…

३०. नी दोहोरं लेषापह्री अरु रस्ता पनि …

३१. … राषला. नेपालैका रस्ता चलाउनु. तिजारत … चलला. फँदा

३२. … राम्रो गरि भयापछि…को मतलबका कुरा पनि हा(स)ल हुन जाला. एसमा सन्धे राषनुपर्दै–

३३. (न).… लेषउ. नीरा आयापछि बडासाहेबछेउ चाहीन्या कुरा सबै गरि नकसा दुरुस्त गराउला भन्छन्. अन्तको

३४. … पूना जैनगर मारवाड हैदराबाद इ जति बडाबडा राजा नवाब छन्. सबैका दर्बारमा (रह)नै साहे–

३५. (ब)… पनि इहा हाजीर छन्. सबैसितको अषलासि दोस्ति छन्दैछ. दोस्ती थीयो र पेट…र षरा–

३६. …गरिदिआ. दोस्ती ला(या) काज आउंछ. तिमीहरुका तरफ अलीक साहेबानहरु दे–

३७. …मीन्दको सर्कार पनि बडै भयाको छ. बडै बुधि गर्नु भनि नीरा—मा यो सबै बात

३८. …(ले षिदिआको रहेछ यो सिलसिला बाधनामा कसर तिनीहरुका गर्दा(मा) रहयाको छ भनि

३९. …तसअर्थ ब्रिती लेष्याको छ. सबैका सलाहले ज्या ठहर्छ. कस्ता तरहको जवाब दिन्या

४०. .. ला. परन्तु चोतले बुझदा पनि साहब पठाउंनु अषलासि गर्नु भन्याको अरु दि – –

४१. …ला सिमन गत गरि प्रीष्ट सुत राषन्. एसै अर्थले होला भन्या जस्तो लागछ. १०१८

४२. …छ छुट्याको छैन. यस अर्थले पनि एस बातको षाहीस बडो राषछन् भन्या जस्तो

४३. …दासका नाउंमा मोहर नायको तार आयाको मैले पनी आपना तरफको ए-

४४. .. अजी जुलाह मसित नेपाल गयाको हो. हैदराबाद मेरा भाइका साथमा छ.

४५. …चकति लेषि डाकपर पठाइदिन्छु भन्या. मैले पनि मुनसिलाई चिठी लेषी

४६. …किझर तार लीन गयाका प्यादा फीन्याका छैनान. भागलपुरमा बडा तुम्बा

४७. …मानीस बस्येका छन् परन्तु कुह्याउंको पुराना मधेस न…

४८. …हानमार गर्न लागिरहेछ भनि चिठी लेष्यैको हो —स्ता तुम्बां अ… नबा…

४९. …निवह नादान २५ रुपौ आना रफा भयो. रंग मात्रै राम्र(ो) गरि हु—

५०. …को मुहडाको फेरो रसिले जस्तो गरि – पदा…

५१. …नक…ता तीर हुन्छन् भन्यो. एस मुलुकमा भन्या ठुला तुम्बा पाइयन.

५२. …० रुपैअ(ा) … (ष)र्च षाया. तुम्बां ठूला ठहरेन. उंप्रान्त बडा साहेबले अघि गौरनांग

५३. …न साहेबले मामीला बन्दोबस्त गन्याको कागत पसिन्द गन्या. — — – —

५४. …ज पनि सबैंको षाएन. घट- - फाइत गर्नाको इरादा ज्यादा छ भ-
५५. …तपनि इनहरुलाइ उनहरुको ठू(ल)ो भये गयाको छैन. अरु जो हु-
५६. …लेषि चह्लाइ पठाउंला. इति कार्तिकसुदि ९ रोज ५ सुभम्—
५७. .. (शु)भचिन्तक दिनानाथ उ'पाध्याका सुभ आसिर्वाद

○

# श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट काजी रेवन्त कवरलाई वि. सं. १८६६ मार्गशुदि ३ रोज ७ को दिन गएको पत्रको मसौदा

श्री :

भैरव

१. काजी रेवन्त कं'वरके मसौदा श्री ५ बाट
२. मार्गशिरवदि ३ का दिन लेष्याको अर्जि एहि वदि ३० का दिन आइपुग्यो. अर्थ जाहर भयो. उप्र
३. कम्पनी गैरहको जगा छुटचाइ दरी ढडा तयार गऱ्याको छ सां'ज ब्याहानमा चह्लाइ पठाउं'छौं' भनी
४. लेष्याका अर्थ कचाको कागत् तयार गर्दा ढिलो भया पनी ढडा चाडो तयार गरी चऱ्हाइ पठा. ढिलाउ-
५. ऱ्या काम नगर. चौतरिया षान्गीका ४ हजार रुपैयाको जगा बारुदषाना मेघजीन् मामुलीका
६. जगामा छुटचाइदिनु भं'न्या मोहर आउं'दा ५२ सयको जगा अमल् गऱ्या भनि लेष्याका अर्थ ४ हु-
७. जार तेसमा र ४ हजार जफतिका जगामा छुटचाइदिनृ भनि अघि मोहर गयाकै छ. सोबमोजीम् ४ हु-
८, जारको जगा मेघजीन् बारुदषाना मामुलीलाइ रहयाका जगामध्ये २.४ हजार जफतिमा छुटचा-
९. इदिनु. बाकी काजी बषतबार्सि बस्न्यातले पश्चीम जानाको षटउं'न् हुं'दा ¯ ₁ ¯ दल् कम्पनी दर्स-
१०. न् गरायाको हो. उस्लाई पश्चीम जानु नपर्दा र काजी देवदत्त थापाको षायल्मा
११. सर्दा देबान रणजीत पां'डेका तैनाथको कम्पनी अर्कातीर उठता त्यो ¯ ₁ ¯ दल कंप-
१२. नी देबान रनजीत पां'डेतिर जांछ. तसर्थ कर्णासिलाई बक्स्याको जबरजङ्ग कम्पनी
१३. तेरा तैनाथ गरी बक्स्यौं'. तेस्
१४. कम्पनीका नालनीसान् षजना कर्णासिबाट बुझि ली कम्पनी बाहाली गर्. काजमा ला. कर्णासि

१५. र ¯1¯ दल कम्पनीलाई बोलाहाट बक्सी पठायाको छ. त्यो पुग्नोबित्तिकै ना–
१६. लनिसान्समेत उठाई हाम्रा हजूर पठाइदिनु. कर्णसिलाइ पनी चुमाउनीको रहल्पहल् छुट्टी ग–
१७. रि कागजपत्र ली पठाइदिनु. दक्षीण पश्चीमको षवर बुझि बिन्ति गरी पठाउंदै रहन्या
१८. गर्. ईति सं १८६६ मार्गशिरशुदि ३ रोज ७

○

# श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट काजी दलभञ्जन पाँडे र काजी अमृतसिंह थापालाई वि. सं. १८६६ मार्गशुदि ३ रोज ७ को दिन गएको पत्रको मसौदा

श्री:

भैंरव श्रीनाथ
१ २

१. काजी दलभंजन पांडे काजी अमृतसिं थापाके मसौदा श्री ५ बाट———
२ उप्रान्त म्हुंडाका भारादारहरुबाट आयाको षबर र उस्को प्रतिउत्तरसमेत चाहिन्या कु–
३. रा उन्हेरुलाई लेषि पठायाको बिस्तार तिह्नरुलाइ अन्हाउना कुराको बिस्तार पनि
४. अघी गयाका लालमोहरले बुझ्या हौ. ताहांपछि देवदत्त थापाको षायल् कजाञी
५. बषतवारसिं बस्न्याततिर गयाको बष्तवारसिंको षायल् कजाञी अजम्मर पं–
६ थलाई बक्स्याको पुरान् ¯1¯ चौतरीया दाज्यूका तैनाथ बक्सी नया ¯2¯ पल्टन्
७. षापी डम्बर षत्री कुम्मेदान र जामादारहरुले दर्स गन्या गैरह पं जनीको बिस्ता–
८ र लेषी पठायाको पनी पुगी बुझ्या हौ. तेस्पछि दलषम्ब थापा सर्दारलाइ पनी
९. पलटन्मा षान्गी तयार गरी कुम्मेदानी बक्स्यौं. दर्सन् गन्यो. बाकी काजी बष्तवारसिं बस्न्यातलाइ प–
१०. श्चीम जांनाको षटउन् हु दा ¯1¯ दल् कम्पनी तैनाथ बक्स्याको हो. तेता आउ–
११. न्या काम नहुंदा सो कम्पनी भयेन.
१२. मडरुवामा गोलागंज बसाउन्या काम–

१३. मा सुबा अचल् थापालाइ पठाउंदा १ कम्पनी नबक्सी काज पुग्न्या रहेनछ र
१४. वेबानका तैनाथको कम्पनी अचल् थापालाइ बक्स्यौं. उस्को साटो ⁻₁⁻ द–
१५. ल कम्पनी देबान्तीर गयो. कुमाउंका काम्काजलाई कर्णसिले षाया–
१६. को जबरजङ्ग कम्पनी काजी रेवन्त कंवरलाई तैनाथी बक्सी ⁻₁⁻ दल कम्पनी
१७. र कर्णसिलाई बोलाहट बक्सी पठाको छ. ञाहांप्रान्तको षवर जो होला.
१८. लेषी पठाउंला. ६६ का मार्गसुदि ३ रोज १ शभम्

(१७ पङ्क्तिको १६ अक्षरपछि चिनो दिई फट्केमा थपिएको)

१. कर्णसिले चुमाउन्को काम् नछि–
२. न्दा २ दीन् ढिल् भया पनी – – दल कंपनी–
३. लाइ नालनिसानसमेत चांडो पठाइदेउ.

○

# बूढाकाजी अमरसिंह थापाहरूलाई शिवदत्त रायले लेखेको पत्र

श्री

...

१. स्वस्ति श्रीसर्वोपमांजोग्यसकलगुणगरिष्टराजभारोद्धार्णसामर्थ–
२. षड्गग्राहिधर्मऔतारमर्जादामहोदधिश्रीश्रीश्रीकाजि
३. अम्बरसिंह थापा श्री २ काजि रणजित कुवर श्री २ काजि रां–
४. मदास (थापा) काजिकौं ईत शुभचिंतक सिवदत्त रायकि आसि–
५. र्वादवंचणि आपके पुन्यसें ईहां कुसल हैं. आपका कुसल
६. सदा सर्वदा चाहि(ये). ··· हतें अनेक प्रानिका भला होय. उ–
७. प्रांप्त पत्र आपकि मेहेरवानगिका आया. अति मालूम
८. करि. किष्नसिंकी लडाई मारी गोर्षा बहादुरकी फत्तेनां–
९. मिकि षवर आपनें लेष भेजा. मंडिके राजाका षत्त १
१०. सूबेदारको षत येक (भे)जा सो राजाको बि षत दिया सुबे–

११. दारको बि दिया. ल(डा)इ फते हुवैंकि षबर सुणके बडि षु–
१२. सि हासल हुई. श्री– –गोर्षा बहादूरकि फत्ते हि कर्ति र–
१३. हे. आप बडे जसी पु – हे. श्री – – जस हि सदा देति रहे. ति–
१४. स्ते बंदनिवाज य बडि फतेनांमि हुई. ईस लडाईसें सिर्मो–
१५. रको सेषि बि झड् गई. बेसहरकि बि बांह् टूट गई. मेधे–
१६. समें बि धांक हुई. तिस्ते बंदनिवाज ईहांकि षबर मैंने आ–
१७. गे बि अर्ज लेष भेजिथे. अब ईहांकि षबर अैसि है. जो
१८. रनजितसि लाहौर हैं. मुहकंमचंद दिवांन और सारी
१९. पेरोज राज्यौंकि मदत जस्वां जसरोटा बेलावरका रा–
२०. जा ये सभ भिमर रजौरीकी तर्फ जाय रहे है. रजौरी–
२१. का राजा मिल गया. भिमर पुणछका राजे मिले नहिं. का–
२२. समिरपर जबं लगावने ये गयेथे. जमुवालोंको बि मुल–
२३. ष ३ किले रनजितसिने दिये. तिस्ते सर्दिका अयाम क–
२४. र्के उपर ये गये नहि. कासमिरका लस्कर बि १५।२० हजा–
२५. र पुणछमें आया है. लायचिगिरको चिठि अंब्रतसरसें
२६. आयाथा. उसमे यह षबर था और षबर यह सुणि
२७. जो ध्यांनसिका बेटा भतिजानें कोटला सिंहको जांना
२८. जगा बदलेकि देउगां. जागिर कबिल्यौंको जगा देउं–
२९. गा रनजिसिने कहा. यह षबर सूंनके मैंने चिठि बि जैसि
३०. किस्नसिको लेष भेजा है. मुषजाबत आदमिको बि स–
३१. म(झा)इ भेजा है. जो १ वर्ष किला तुंम यो भो कोटला
३२. किसूके मार्नेका है नहि. बर्समें तुह्मारा मदत होय रहे–
३३. गा. यह जगा छोडेसें कोई बात नहिं रहेगि. ललोपतो
३४. कर्के पैहेले सिंह लेषदेगा. फेर रोटिसें आज ज होगे को–
३५. टला मत छोडो. जो तुंमसें नहि रहता है तो गोर्षाको देव.
३६. गोर्षाको तुंम देव. – –तुंमको जगा जागिर बि मिलेगा.
३७. दर्बारतलक तुह्मारा साष रहेगा. पुस्त दरपुस्तको रो–
३८. टि होगा. यह बात मैंने कहि भेजा है. जो षबर आवैगा. सों
३९. पिछें बिंति लेषुंगा. भूर्पसि गुलेरियेके बकिल मंडि आ–

४०. येथे. जो सिंह भला नहिं गोर्षाको सतलूज वार त्तारो.
४१. तिस्ते ईहां राजा मियां जालम कायंम हैं. भूरीसि ईनो-
४२, ने पकड हि लिया हैं. बरागि भूवानूं दूगला राजाके

○

# ज. अमरसिंह थापाले ज. भीमसेन थापा र काजी रणध्वज थापालाई बुटवलबाट वि. सं. १८७० माघवदि १ रोज ६ को दिन लेखेको पत्र

श्रीदुर्गा

श्रीगूरूज्यू

१

१. स्वस्ति श्रीसर्वोपमाजोग्यत्यादिराजभारासामर्थ: चिरंजिव श्रीभिमसेनथापा
२. चिरंजिव श्रीरणधोज थापाके ईत श्री अमरसिंहथापाकस्य सुभासिकपूर्व-
३. कपत्रमिदम्: जाहां कुशल ताहां कुशल चाहिये. आगे जाहांको समाचार भलो
४. छ. उप्रान्त बेतियातर्फ पठायाका मानिसले अमिन पारस् बराट्ले भवरागांउं र
५. टिहुकिगांउका चौधरि महतौं सोधि दुवै गांउको साझ बाझा जगामा बांस्का ल-
६. ट्टा गाडि कचौरवातर्फ गयो भन्या षबर ल्यायाको बिस्तार अस्ति लेष्याका अर्जि चिठि-
७. ले बुझ्या हौ: फेरि उनै मानिसलाई जस्ताको तस्तो षबर बुझि ल्याउनु भनि पठा-
८. याको छ. जो षबर ल्याउनन् पछि लेषि पठाउंला: आज सम्म त ˙ ; ˙ चौतरि-
९. या काजिहेरूका र अमिनको पनि भेट भयो हो: पारस् बराट् पनि अब नमिल्-
१०. न्या पाठ गरैन. मिल्न्यै पाठ गर्ला: क्या अर्थ भ(न्या) तेस्लाई पठाउन्या बडो स(हे -
११. बको बदला भैगयो: अर्को- – –रहेछ···कलकत्तामा···
१२. नि अघिदेखिको: भया पन्याको बिस्तार बढियै पाठसित लेषिई ग···
१३. जांचि नबुझि पारस् बराटका कुरा पछि लागि हाल्ला. मितको···
१४. म गर्ला भन्या जस्तो लाग्दैन. पार(स् बर)ाट पनि: अघि जस्तो···

१५. सकैं र. नमिल्न्या पाठ हुवैन. मिल्न्यै पाठ होला भन्या जस्तो ल(छ) ...
१६ र आउछ लेषि पठाया बढिया होला. बाकि सुबा रुद्रविर सा(हिला)ई...
१७. लका गाउ नदिले चर्दा पट्टि पान्याको: दुबैतर्फका काजी पुरा...
१८. अघिदेषि जसो भै आयाको हो तसै गर्नु भंन्या हुकुम गयाको हो ..
१९. क् दोहरो मुचुल्का लेषाई सिवांनाको बन्दोबस्त गऱ्याको र छितापुरमा अगरेजक(ा)
२०. पल्टन्को र नबाबका पल्टन्को तकार पर्दा अघि फिरंगिले तोप चलायाको र प–
२१. छि नबाबका पल्टन्का सिपाहिले ३ साहेब ३५० सिपाहि काटि फिरंगिको पल–
२२. टन् हटायाको षबर लेष्याको रहेछ. यो कुरो गोरषपुरबाट र लषनौबाट आउन्या (मा)–
२३. निस् पनि भन्थ्या. सुबाले पनि लेष्याछन् सांचै होला भन्या (जस तो लाग्छ. अ– –
२४. मिले हजारदेषि उधो ७ ८ सयदेषि उभो जो होला सर्कारमा सलामि चह्रा ई)...
२५. ला भनि जाहा पनि आफना षुसिले कबोलि गयाथ्या बेबदस्या...पा...
२६. ल पट्टा पनि लिजुं. अघि को जाच् र स्थिति थामिबक्सदा: सबै षुसि(भै) (क)ाम–
२७. मा लाग्या भंन्या र २।३ जना सिपाहि पठाया. सजानिका दांया पठाउ...ई ब–
२८. ढिया होला भन्या पाठ रुद्रविर साहिलाइ लेष्याको रहेछ. क्या होला २।३ जना
२९. सिपाहि अछाम्मा पठाईदेउ भनि रुद्रविर साहिलाः लेषि पठाउन्या हो कि ये–
३०. स्को उत्तरा पठाया बढिय होला. अछामिले रुद्रविर साहिलाई लेष्याका
३१. चिठिको र रुद्रविर साहिले मलाई लेष्याका चिठिको बिजनिस् पठायाको
३२. छ. हेरि बुझौला: किमधिकं. ईति सम्वत् १८७० साल मिति माघवदि १ रो–
३३. ज ६ मोकाम बुटवल् शुभम् – – –

○

# ज. भीमसेन थापाले सिल्नेम नमग्याल बिष्टलाई वि. सं. १८७२ माघवदि २ रोज ७ को दिन लेखेको चिठीको मसौदा

श्री:

१. सं. १८७२ ।। माघवदि २ रोज ७ जनरलबाट सिल्नेम नम्ग्याल बिष्टके
२. पत्र आयो अर्थ मालुम भयो. उप्रान्त थकालीसितको कुरालाइ हामी बाह्र गा–
३. उल्या सबै आयांथ्युं. गोढी छ भन्दा बिक्री गरी पठाउंदा पाकाले आउन्. काजा–

४, ले फिरि जानु भनी लालमोहर आइपुग्यो. सिसाघाटदेखी हामी फिन्यु॑. भाइ

५. घुंग्याल बिष्ट कर्मा भडारीलाइ पठायाको छ. दुष्दर्द बिन्ती गर्नान्. चाषुरा भेडा

६. सर्वाङ्ग नाउर चह्राइ पठायाको छ भनी मुस्तागीसित नमिल्याको कुरासमेत् लेष्या-

७. का अर्थ

८. थकालीसित जोरी पुर्पछ्य ताही सुनी

९. दिनहुवस् भनी लेप्ता झिकाया हो. गोटीको डर मानी तिह्रोरुले बिं-

१०. ति गरी पठाउंदा हजूरमा बिन्ती पारी पाकाले आउनु काचाले फिर्नु भन्या हुकु-

११. मको लालमोहर गयाको हो. सोहीबमोजीम सिसाघाटबाट आफुले

१२. घर फर्कन्या र भाइलाइ दर्बार पठाउन्या काम् गन्याको बढिया हो.

१३. घुंग्याल बिष्ट र कर्मा भंडारी आइपुग्या. चह्राइ पठायाको चीज सर्कारमा दाषील भ-

१४. यो रसीद दि बिदा गरी पठायाको छ थकालीहरू भन्या अझसम आइपुग्याका छैं-

१५. न. येस साल गोटीले अलमल् पान्यो तपनि समयपर तिह्रोरु पनि आउनु र थकाली पनि आउनन् र बन्दोबस्त होला.

१६. मुस्तागीसितका कुराकन ७६ (६६ ?) सालमा भयाका थितीको लालमोहरमाफीक

१७. दुबैले रहनु. बेजाय र झगरा नगर्नु. हुकुम लालमोहरले भयाको थितिमा जो रह्है-

१८. न. सो दंडसासना गराइ पाउला भनी दुबैको नाउमा लालमोहर भै जान्छ. अन्याय

१९. बिथिति कसैले नगर्नु. हुकुम मानी षामिद रिझाउन्या सोझो टहल गर्नु. शुभम्-

○

# बलभञ्जन पाँडेले मटिहानीबाट वि. सं. १८७४ आषाढवदि १४ रोज ७ को दिन लेखेको अर्जी

श्रीदुर्गाज्यू

१. अर्जि — — — — — — — — — — — — —

२. उप्रान्त् बाबा कपर्दार श्रीभोटू पांडेज्यूको बिर्ता सदाबर्त देउरि परबाहा बहेडा गै-

३. ह्रको बहाल चलाई दे भन्या हुकुम आषाढवदि ११ रोज ३ मा आईपुग्यो. सिर

४. चह्राई अर्थ पाञुं. साल ७३।७४ देषी बहाल गरिदिन्यौं भनी केहि लेषी बाबा-

५. को रहेनछ. फकत बहाली रहेछ. त्रेहत्रीको रहल बाकीस्मेत बहाल गरिदिन्या
६. हो कि चौहत्री सालदेषीको बहाली चलाईदिन्या हो. बांकि बितंवार गेह्लका ला–
७. लमोहरका पीठमा अगरेजी फारसी लेषाई बहाली लियाका मोहर सकस ग–
८. र्दा हांमीछेउ दाषिल गर्‍याको मोहर ज्मा गोटा २३ चह्लाई पठायाको छ. नत्र–
९. र भं जाहेर होला. येहादेषी बाहिक अरु बिर्ता बितंवार कोई हामीले पीठमा ले–
१०. षायाको छैन् जुदा बन्दमा अगरेजी छाप सही गराइ बहाली लियाको छ भनी
११. मन्छन्. कोइ कोइ परमाना पनी देखाउन्छन्. कोई परमाना मोहर सबै आगा
१२. मा डाकालुटना पर्‍यो भनी जिद्दि गर्छन्. कोई अन्न हाजीरै पनी भयाका छैनन्.
१३. सपतरिमा अरुका बिर्ता येक दुई मौजे छ. ढेर पोषर्‍याल गेह्लको छ. तलबि गर्दा स–
१४. बै नेपाल गयाका छन् भनी रैती गुमास्ता भन्छन्. येहा हाजीर हुंदैन्. अगरेजी स
१५. हि गराई बहाली लियाको बंन्दस्नेत चह्लाई पठाउंन्या हो कि उनैलाई फिर्ता गरिदि–
१६. न्या हो. हाजिर नहुंन्या र मोहर नदेषाउन्याहरुको पनी जो मर्जि आवला सो–
१७. बमोजिम गरुंला. ईति सम्बत १८७४ साल मिती आषाढवदि १४ रोज ७ मोकाम मटी–
१८. हानी कचहरी शुभंम्— —
१९. सेवक बलभंजन पांडेका कोटि कोटि कोरनीस बन्दगी सलाम सलाम सलाम – – – – – – – –

○

# ज. भीमसेन थापालाई वकील चन्द्रशेखर उपाध्यायले कलकत्ताबाट वि. सं. १८७५ वैशाखव.दि ९ रोज ४ को दिन लेखेको पत्र

श्रीदुर्गा सहाय

१. (स्वस्ति श्रीसर्वोपमायोग्यशौर्यौदार्य्यदया)दाक्षिण्यादिसद्गुणगणालंकृतरतूयमानकीर्त्तिराज्यभारेस(ा)मर्थश्री–श्रीश्रीज(नरल)
२. (साहब भीमसेन थापाकेषु इतः शुभेछु चन्द्रशेखर उपाध्याय(को) शुभा(शी)र्वादपूर्वकपत्रं. (कृपाले)···
३. (जांहां कुशल छ. तांहांको कुश)ल मंगल सर्वदा चाहिये. आगे जांहांको समाचार भलो छ. उप्रान्त (चंत्रव)दि १२ रोज १ (मा) तां(हा)···
४. (चैत्रशुदि)१३ रोज १ मा आयो. पछि बिस्तार विदित भयो. तस्मा अन्यत्र मोफस्सलबाट आयाका समाचा(र)

५. …छ. तांहां सदरमा पायापुन्याको षबर लेषृतै रहन्या गर्नु. लाठ्साहब लषनौ आइ नवाबसमेत भै

६. …सूना…वा…षनाजाइ गोरषपुर आउन बहिडा चमा आइपुग्या. गोरषपुर दाषिल् भयापछि जंगलका किनाराको शैल गर्दै

७. कि – राह (कल)कत्ता जान्छन् भनि आज्ञा आयेछ. अघि फागुनसुदि ६ मा रवाना भै आयाका चिठिमा एस पाला अरु षबर सुन्या

८. …का लेष्याछौ. लाठसाहबका अवाई रहाइको केहि षबर लेषेनछौ आहां मन्या गोरषपुरतिर आउन्या षबछै. तांहां निधो षबर

९. (बु)झि लेषन्या गर्नु भनि लेषि आयोथ्यो. एस कुराका अर्थ उ अजि चिठि लेषतामा लाठ्साहबका अवाइका कुरा आहां सुनियाका थिये–

१०. न. (र)उत्तर लेषियेन केहि दिनपछि सुनियो र चैत्रवदि ६ रोज २ का दिन तपाइहरुलाइ चिठि लेषि पठायाको हो. पुगि विदित भयो हो. आ–

११. — — आहां सुनियाको षबर लाठ्साहब लषनौ आइ नौवाबसित मुलाकात गरी गोरषपुरतिर गया. बाहांको आबहावा पनि निको छ.

१२. …लाठ्साहबलाइ शेरका सिकारको शोष् ज्यादा छ. १।२ महिना वांहां रहि असारतक् कलकत्ता आउनन् मन्या कुरा दौरन् साह–

१३. (बले प)नि गन्या. सहरका लोगको पनि एहि बोलि छः एस् पाला मतलब पनि आफुले चितायामाफिक् भयो भयेन. ज्याद पनि आपनु पुगीरहेछ.

१४. – – मा जनाको निधो हवन्ज्याल उतैतिर रहन्छन्कि चांडै एता आउछन्. इन्का मिजाजको बात एस्तै छ भनि कोहि गर्न सक्तैनन्. (आज –

१५. काल मन्या घागराको किनारामा सिकार षेलछन्. १ ठुलो शेर आफ्ना हातले गोली चलाइ माऱ्या. सिकारमा बहुतै षुशी छन्. गोर(ष)–

१६. (पुरमा बस्न्या कमरा पनि बन्न लागीरहेछ. औ एता आउनालाइ जगाबजगामा सडक् पनि तयार हुन लागीरहेछ भन्या कुरा सुनि–

१७. (छ.) गोरषपुरमा केहि दिन् रहाइ भया कोहि भ(ला) मानिस् पल्पाकबर्नेलबाट रसौगाद दली ता चिठि गरी पठाउन्या मुनासिब हो.

१८. — तांहांबाट गरी पठाउने भयाको होला. अहव तबदिल् गर्न गारन् साहबछेउ दियाका मसौदाको नकल् आहां पठाउनु भ – – गारन्–

१९. ले येस्मसौदामा हुन्या नहुन्या बूझ दियाको छैन. तांहां गर्न्या कुरा गर्न तिमि जान्यौ भनि आज्ञा आयोथ्यो. तेस् काम्लाइ लाठ–

२०. साहब आयापछि बषत् पर्‍यामा कुरा चलाउंला र जो बूझ पाइयला बित्ती गरी पठाउंला. अरु हाल्सूरतका अर्थ. नागपुऱ्या राजा सहुरबेबी

२१. निक्ली दषिन्तरफ पाहाडी जंगलमा पसिरह्याछन्. लस्कर पनि साथमा निकं छ. अझसंम उन्ले इन्सित मिल्न्या पाठ गऱ्याको छैन

२२. उद्योगैमा छन्. सहर मुलुकमा मन्या राजकाज गद्दिको मुष्तारी मन्याका बुढा राजाका दौहित्रलाइ दि मुलुकमा सल्तनत् गर्न्या काम

२३. गर्न इनहरु लागीरह्याछन्. मलोनी साहेब आजकाल काहां छन् मनि दौरन् साहबछेउ सोद्धा बढा मंडलाका कामलाइ गयाका हुन. पु–

२४. ग्या हुन्. वाहांको किल्ला अझ सौंप्याको रहेनछ भन्न्या कुरा गऱ्या. पुनातरफ पनि बाजेराव पाहाडी जंगलभित्र पसिरह्याछन्. जाहां तां–

२५. हांका सर्दारहरु कोहि जाहरातै आप्ना साथका लस्करसमेत सामिल् हुन्छन्. कोहि पर्दासित मदत् पठाउं–छन्. लस्कर जमा हुंदैछ औ इन्–

२६. का लस्कर पनि उन्का पछि लाग्यैको छ. बीचमा कतै भेंट हुंदा बाजेराव इन्को मुहुडा अलमल्याउना-माफिक् थोरो लस्कर उस् जगामा छाडि

२७. आफु राह लिन्या गर्छन्. उस् जगामा अडिन्या काम गर्दैनन. उद्योगमा मन्या लाग्यैका छन्. पुनावाला र नागपुरवाला सामिल् हुन गया

२८. लस्कर भारी हुन जाला. तस्ले मुलुक्मा बिद्दत् हुंगामा होला मन्न्या इनका चित्तमा पनि पऱ्या जस्तो बूझिन्छ. पुनासहरमा राव मज्कूर–

२९ का भाइ चिम्नाजी आपा पनि रह्यैका छन्. इन्को लस्कर पनि छ. सहर्पनाको आड पर्षाल बनाउन इनहरु लागीरह्याछन भन्न्या कुरा आज–

३०. काल सहरमा सुनिन्छन्. पश्चिम्तरफका अर्थ सेंधियालाई मन्या एस् पाला इन्बाट केहि प्राप्ति पनि भयो. अझसंम बिगाड पनि

३१. भयाको छैन भन्न्या कुरा छन्. एस साल गर्मि बढ्यो. इ पनि फिऱ्या. बेलायत् जान्या र जांहां रहन्या ठगान् भयापछि अघिल्ला साल द्वंद्व–

३२. हुन्या कुराको पनि संन्था केहि षुल्ला कि मन्न्या चित्तले देष्छ. लाठ्साहब जाहा आइपुग्यापछि जो सुनियला. बिन्ति गरी पठाउंला. हा–

३३. मिसितको अर्थ मन्या इनहरु षाली केहि कुरा गर्दैनन्. दर्बारी फिर्बाहिक् बाजे अंगरेजहरु कंल्हे २ कुराका प्रसंगमा नेवालको आब्हावा

३४. बढिया रहेछ. कोहि बिरामीवाला साहबहरु दोस्ति भयाको देषि २१४ महिना हावा बदलन जानाको इछा गर्छन्. लेकिन वाहां यो बा–

३५. ल हुंदैन भन्दा सुनिन्छ भन्न्या कुरा गर्छन्. एस्कुरालाइ त अहद हुंदा १ वकील रहनु भनि लेषियाको छ. ५ जना गयाका छन् तपनि···

३६. जानि उस सर्कारबाट आजतक् नामंजुर गऱ्याको छैन भन्न्या पाठले जबाब दिंदा बोल्दैनन्. अरु अरु कुरामा भन्या कंल्हे तारीफ पनि...

३७. गर्‍या जस्तो भाव पनि गर्‍यां. उं भोतिरको जानु आउनु लेषपत्र भयाको पाठमा मात्रै थोरो दिलमा शंका राख्या जस्तो अन्सारले बूझिन्छ ...

३८. चित्तमा आपना तरफ्को अघ्यांली नठहर्‍यां हाम्रातरफ्को ठहर्‍यां पाठका उद्योगमा अभ्यंतर लाग्याका पनि हुनन्. उताको सूरत न ...

३९. जि हांमिसितका बाजे कामकुराका सफाइलाइ ढिलो होला कि भन्न्या चित्तले बूझिन्छ. कदाचित् कामका अल्मल्ले फुर्सत नभे हाम्रा

४०. काममा ढील भयाको भया भन्न्या. आफु षुद उस्तरफ गयाका छन्. तांहा रहन्याले पनि केहि लेष्याको होला. कांहिको सिवाना आप्ना आंषा–

४१. ले देषनन्. कांहिको सुनि दरियाप्त गर्नन्. तांहांबाट पनि षलीतापत्र लि भला मानिस् जांदा बढियै पर्ला. उस् बखतमा हाम्रा सर्कारसित गर्‍यां

४२. काम कुराको सल्लाह ताहां रहन्या आपना मुष्तारलाइ पठाइ आफु एता आउनान्. हुन्या काम्कुराको अन्जाम् ताहां रहन्या मुष्तारमार्फत

४३. होला. एता आउं दि षेर पनि भयेन लामियो भन्या कति अर्थले लामियाको रहेछ. ज्नांहां केहि बूझ पाइन्या भया सोध्बूझ गरी पायाबुझ्या–

४४. को बिन्ति गरी पठाउं ला. आजकाल दौरन्साहब वल्जलि साहबको षबर केहि श्रांउं छ कि भनि दफा त सोध्दछन. मलाइ त केहि

४५. लेषि आयाको छैन भनि जवाब दिइन्छ. बारंबार उसैको षबर सोध्याको क्या अर्थले हो बूझदैन. बायलु साहब पनि अघि तांहांबा–

४६. ट कतातिर निस्क्या भन्दा सुनियोथ्यो. जाहां दफदरषानामा उसको भाइ चचेरा किरानी काममा छ. उ पनि हाम्रो भाइ कांहां छ

४७. भनि सोद्धै रहन्छ. उस्लाई पनि मलाई आजकाल लेषि आयाको छैन भन्न्या जवाब दिइन्छ. उप्रान्त श्री-जनरल साहबका नि–

४८. मित्त २ पन्सल् लाल् औ काजिका निमित्त १ पन्सल् कालो फर्माइस् आयोथ्यो. दुवै लाल एकैसाथ बनाउं दा कदाचित् पसदमाफिक्

४९. नबन्या दुवै बेकामका हुनन् भन्नानिमित्त हाल् आज्ञा र नमुना आयामाफिक् १ लाल् र काजिका निमित्त १ कालो औ

५०. काजि रिपुमर्दन थापाका निमित्त १ लाल् जम्मा ३ पन्सल् तयार गराई वैशाषवदि १० रोज ५ का दिन श्रीनन्द दाहालका

५१. जिम्मा लाइ महाजनका नाबमा हालि एताबाट रवाना गरी चह्राई पठायाको छ. दाखिल् भयापछि यो पन्सल् शरीर-

५२. रमा पनि ठीक गरी मिल्यो. काम् र मसाला पनि पसन्दमा आयो भन्या अर्को येसैमाफिक् आज्ञा आया पनि अरु तरह–

५३. को आज्ञा आया पनि जस्माफिक् आज्ञा आवला. चांडो तयार गराइ चह्राइ पठाउं ला. मग्जिलाइ शमूर्षाल मात्रै जा–

५४ हा बढिया मिलेन र मग्जिइन्मा लाग्याको छैन. तांहि लाउन आज्ञा भया बढिया होला. इन्को लागत भन्या कारीगर

५५. गोराले भन्यामाफिक् दिनुपर्न्या रहेछ. उमाकान्तोपाध्यायमार्फत् जाहर्गेला. बाकि द्वारकादास जमुना-दास हरिकृष्णदास–

५६. हरुका कोठिका लेन्देन्मा आजसम्मको जो···दोहोरा बहि मिलाइ ठह्याको सबै तोसाषानाबाट बक्सि रसी (द)

५७. चुकतिको लेषाइ लिन्या काम बढिया भयेछ ···सका कबीला आप्ना छोरीतिरका नातिलाइ धन्दौलत् सब जा(यदात)–

५८. कोमुषतारी दि आफु षस्याछन्. सो षबर जाहां रहन्या बनारसी कोठिवालहरूकांहां सर्वत्र आइरहेछ. बाकि वेलायत

५९. इन्का बुढा बादशाहकी नातिनी अर्का वलायत्को बादशाहलाइ सादि गरी दियाकी रहिछ. वर्स २० को उमेर भयाको रहेछ. सो···

६०. (ज)न्म्याको बालक् पनि आमा पनि दुवै मन्याछन् र आजकाल जाहां सब अंगरेजहरुले कालो पोशाक पेह्लि गमि मानि राष्याछ(न्) – –

६१. अमृत रावले अघि आप्ना मानिस् पठाइ जगा ठहरा– – – –न्छु भनि इन्छेउ दर्षास्त गरी वांहां बस्न्या मकानात तयार गराइ का– –

६२. (चित्र)कुट गयाको जाहरै छ. उ चित्रकूट पुग्यापछि लगत्तै लाठसाहब सेलस्कर पश्चिमतरफ जांदा चारै–तरफ् उस प्रान्तमा हंगामा हुं –

६३. – — इ वाहा रहनाकन कंएक बातको शंका भै फेरी बनारस आउं छु भन्न्या कुरा आफुले गर्न संकोच मानि बनारसमा रहन्या अकबर ली प

६४. ···फेरी बनारसै आया नागपुरबाट पनि कोहि बडो आदमि बनारस आउं छ भन्न्या कुरा एकाद जगामा

६५. ···या र उनैका कुरा हुन् कि अरु कोहि बडा आदमिको कुरा हो. निधो भयापछि बिन्ति गरी पठाउं ला. अरु १

६६. ···चिठिमा लेष्ना काबिल् थियनन् र पन्सल् लि जान्या श्रीनन्द दाहालसाथ पठायाका चिठिमा लेषि

६७ ···री पठायाको छ. – – जाहर होला. विज्ञेषु किमधिकमिति. वैशाषवदि ९ रोज ४ संवत् १८७५ साल मुकाम कलकत्ता शुभम्

○

# सुरा सिंज्युले अमृतसरबाट वि. सं. १८७५ आश्विनवदि ८ रोज ४ को दिन पठाएको अर्जी

श्री दुर्गा साहा

श्रीषांमिद

अर्जि– – – – – – – – – – – – – – – – – – – – – –

१. ... (जा)उ भनि मर्जि हुंदा मर्जि मानि आज्ञुं. श्रावनका दिन–

२. ... कप्दान बल(भद्र) कुवरसंग भेट गरि चिठि दिजुं. ह–

३. ... रतार गरिं: विस्तार गर्दा आफुबाट कुरा गर्न्या वेला छै–

४. (न)... गर्न्या बिन्ति गरुंला. सो ... मबाट कुरा गर्न्या वेला छै–

५. (न) ... बेला र बषत्‌मा बिन्ति गर्न्याछौ: हामिले बुझ्याको आफ्नु

६. ...सुबेदारदेषि सर्दासम्मको पगरि: मोहोर लि आया: प

७. ...सोधनि पनि हुंन्यैछ. दोस्ति पनि राषन्यैछ: भनि हांमि

८. ... को कुरा: हांमिले (ले)ष्याको बुझ्याको कुरा: अघि सरि

९. ... हेनछ: हर्ह... गर्नु पाईन्या रहेनछन्: डा

१०. ... जानु पाईन्या – – – र तरफका हलसुरथलाइ: टिका

११. ... (रण)जितसिः कम्पु लि...देषि दषिनतरफ मुल्केर भन्या

१२. ... न्याको रहेनछ: हुन्नु जान्छः .. अंगरेज्‌को १ वकिल् १०।१२ हल–

१३. करै रहदो रहेछ. यसको पनि डिलिमा रह्याको छ: अरु राजाह–

१४. ... बात् केहि सुनिको छैण: अंग–

१५. — ल: लुध्यानादेषि स...न पुऱ्यायो भन्नि सुघाठोरको

१६. सुबेदार ज्मादार भण(छन्). हल्दुरतरफ् सहरै पुऱ्यायाको छ: मुरकिरा–

१७. पट् साहेप् सौदा षरिद गर्नु जान्छु भन्नि लदाष् जाई कोठि हालि बसिरहछ.

१८. सिउदत्त राईले गर्न्याको कुरा: सिघतिर दोस्त्याचार राषनु: अंगरेज आज बडो छ.

१९. पसि निस्कि: घा र बन्दबस् राष्या पर बढियै हुंन्याछ. केसरको अर्थकन लाहु–

२०. रमा कप्दानबाट पनि षोज्न लायाथ्या: हामिले पनि भरसकके षोज्याथिं.

२१. नजां पाईयन: पुरान् १ सेरको ५० रुपैया भन्दा: फेरि मानिस् अम्बरसहरमा

२२. पठाई बुज्दा: भारामल् र: दिलवालीसिको गोमस्ताले पुराना केसर लि हां·

२३. मिलाई पनि जस्हुंन्या छैन: तिमिलाई पनि जस् मिल्न्याछैन. जांहांबाट ५० रुपैं-
२४. याको लैजाउला. पाहाड जाई ५च रुपैंया पनि ठहर्न्याछैन: भनि माहाजन्ले
२५. भन्दा लिन सकियन. सर्षारमाफिको नजां केसर: मंसिर पुसमा आंछ भन्दा ष-
२६. रिद गर्न सकियन. चोहट्टा जग्गामा रुपैंया राषन सकियन: पस्मिना रुमाल
२७. षरिद गरि चह्लाई पठायाको छ. चरनमा दाषिल होला: मुषजमान् हक
२८. ... टो जाहारि होला: मिति आश्वीनवदि ८ रोज ४ अम्बरसहर शु
२९. सुरा सिज्युको बन्दकि सलाम् सलाम्

○

# ज. भीमसेन थापालाई कप. करवीर पाँडेले तिखागढीबाट वि. सं. १८७६ माघवदि ४ रोज ३ मा लेखेको पत्र

१. (स्वस्ति श्रीसर्वोपमायोग्येत्यादिसकलगुणगरिष्ठ)राजभारोद्धारणसामर्थश्रीश्रीश्रीजनरलभीमसेन-
२. (थापाकेषु कपत)ान्करवीरपांडेकस्य पाईलागुसतम्पूर्वकपत्रमिदं.
३. (ज हां कुशल. ताहां कुम)ल मंगल आनन्द भया हाम्रो प्रतिपाल उद्धार होला. आगे जा-
४. (हाको समाचार) भलो छ. उप्रान्त पश्चिमका सहि समचारका अर्थ. बहुतं गलावा सु-
५. नीन्थ्यो हलका मात्रै रहेछ. बाकी ज्वालापूरमा सिहको र कंषलमा अंगरेजको
६. छाउनी पर्न लागीरहेछ. येस्सालमा लडाजी होला भन्न्या हलका गर्थ्या येस्सालमा
७. लडाजी होवैन भन्न्या जस्तो जान्या मानिसले षबर ल्याया. तस्अर्थ दुई हज्जार नागा
८. सहरमा भन्या पस्याका छैनन् गाउगाउमा बसिरह्याछन्. अंगरेजको लसकर भ-
९. न्या दक्षीणतिर जान्छ भन्न्या षबर छ. कम्पु आउछ भनि साहान्पूरमा १६ कोस-
१०. को जग्गा जीमिदारलाई पनि चलन गर्न नदी थुनिराषेछ. गोदाम पनि षरिद गर्न
११. लागीरहेछ. सुनीयाको समचार भन्या बिन्ति गरि पठायाको छ ज्या - समचार चरण-
१२. मा जाहारै होला तस्अर्थ बस भनी आग्या हुदा घरको कच्कच् हुनाले आयाथ्यां.
१३. मधेस बा पनी तपाजीका आग्यामा ज्यान दिउला भनि आयाथ्या. अझ पनि म चरणैमा रह-
१४. न पाया बढिन्याछ. विज्ञेषु किमधिकम्. इति सम्वत् १८७६ साल मिति माघवदि ४
१५. रोज ३ मुकाम तिषागढि शु = भं =

# ज. भीमसेन थापाले काजी बखतवारसिंह बस्न्यातलाई वि. सं. १८७८ भाद्रशुदि ७ रोज ३ को दिन लेखेको पत्रको मसौदा

श्रीः

१. सं १८७८ शा. भाद्रशुदि ७ रोज ३ जनरलबाट काजी बषतवारसिंह बस्न्यातके
२. भाद्रवदि १२ रोज ६ मा लेषियाको पत्र भाद्रशुदी ५ रोज ७ आइपुग्यो. अर्थ
३. मालुम भयो. उप्रान्त ज्वालादल भवानीबकस कपनीसमेत भै डोटीचौतरियासित साम्मेल रहनु भ–
न्न्या कुरा लेषि आयेछ- श्रीपंचमीसंम जाहा
४. थामिन्या अर्थ भै आया वाहासंम जाहां बन्न लाग्याको गढी पनी तयार होला. कंपनीको बा–
५. ली पनी उठ्ला. भवानीबकस्को साटो रामदलैको ठेकाना भै आया
६. बढिया हुंदो हो. एस्मा ताहांबाट जो लेषी आवला. सोमाफीक गरिय–
७. ला भनी लेष्याका अर्थं डोटीचौतरियासित सामेल हुन जान्या कुरा–
८. को बिस्तार अधिकं पत्रमा लेषियाको हो. भवानीबकस्को साटो
९. रामदल भनी लेष्याका कुरालाइ त्यो पाठ भन्या पुगि आयेन. हुकुममा–
१०. फीक रामदल जाहीं तयार भयो. तसर्थं
११. ताहां कुहर्‍चालाइ सर्दार रणगंज साही डोटीबाट आइपुग्यापछि टीकाको साथ-
१२. त बढिया ठह्‍र्‍यो भन्या बेसै भयो. टीकाभन्दा ओढै बढिया साथ–
१३. त रहेछ भन्या पनी जौन सायत आफुलाइ बढिया गरी जुर्छ. उसै साथ–
१४. तमा ज्वालादल् साथ लि डोटी जान्या काम् गर्नु होला.
१५. शुभम् ______

○

# चौ. प्राण शाह, ज. भीमसेन थापा, काजी बहादुर भँडारीलाई राजकुमार गङ्गासेवक साहले बेलघाटबाट वि. सं. १८७९ मार्गवदि १ रोज ६ को दिन लेखेको पत्र

श्रीकृष्णजी साय

श्री ५ महाराज

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिश्रीश्रीश्रीचौतरिया प्राण–

२. साह श्रीराजभाराकसामर्थ श्रीजनरल भीमसेन थापा श्रीका–
३. जीजो बहादुर भंडारीकों इत स्वस्ति श्रीविष्नुनारायणेत्यादि
४. श्रीराजकुमार श्रीश्रीश्रीबाबू गंगासेवक साहकं सलाम. इ–
५. हां कुशल है. तहाका कुशल हरिहमेसका चाहते है. जेसे आप–
६. न भला है. आगे पत्र आया. सूरति मालूम भया. परम आनन्द
७. भया और— — — — — — का विवाहनिमित्त कन्याका
८. मुद्दा लिषि आया. सो आ सादीके आयुके कहने साथ तज-
९. बीज किया हैं. कन्या ठहराया है. सो हजूरमहसे षतमो लि–
१०. षि आया. जो काजी बहादुर भंडारी जाते है सो आवनेपर बे–
११. षंगे. पसन्न करहिगे. पसन्न परैगा. तैसा हजूरमह सूरति
१२. पहुचैंगा. हम लोग तो हजूरकं चाकर हैं. जैसा हजूरसों हु–
१३. कुम होगा. तैसा अपने भरिमषदूर करैंगे. इति श्रीसम्व
१४. १८७९ शाल मिति अगहनवदि १ रोज सुक्रबा–
१५. सर मोकाम बेलघाट– ग्रे शुभम्

छापमा–

| श्रीश्रीश्री बाबू गंगा सेवक साहा |
|---|

○

# तुलाराम घर्तीले लेखेको पत्र

श्रीः

१. तुलाराम घर्तिले लेष्याको षबरको फर्द
२. उप्रान्त भाद्रवदि १० रोज ४ मा रंजित्सिं लाहुरदेवी अंबरस –
३. हर ३ पल्टन र घोडचढिसमेत् लि आयोथ्यो. आफ्नि सासु
४. सदाकुमारिलाइ कंदमा साथै रहयाकि थिइ. अंले र बदनी–
५. को किल्ला दिन्छु. मलाइ छोडिदे भनि र बदनि किल्ला सासुले
६. मलाइ दिइन्. किल्ला षालि गरिदेउ भनि लुध्याना बस्न्या
७ साहेबहेरुलाइ षत पनि लेषियो. वकिल पनि गयाथ्या.
८. लुध्यान बस्न्या साहेबले सदरमा लेषौला र सदरबाट
९. षालि गरिदेउ भन्न्या जबाब आया षाली गरिदिउला.
१०. षालि नगर भंन्या जबाब आयो भन्या सोइ जबाब लेषुला.

११. इन्का सदरबाट षालि नगर्नु भन्न्या जबाब आयो. तेस्तै बि–
१२. चमा रंजितसिंछेउ भरतपुरको वकिल् आइपुग्यो. अ—
१३. रु देसदेसका वकिल् पनि आयाका थिया. रोजको ला–
१४. ष रुपया हामि दिन्छौ. ज्वालधरमा छाउनी हालिदेउ
१५. भन्न्या मदत् गर्न लागिरहृयाथ्यां. तेस्तै बिचमा पेसौरमा गुल्—
१६. पुरबाट ञाहा यो साल त कौडि दियेन. हुंगमा गर्न
१७. लागिरहेछ भनि षड्गसिंको चिठि आउदा नवरा–
१८. त्रको पंचमीका दिन पाहाडि पल्टन् र घोडचढि लि
१९. अंबरसहर गयो. आजकाल अंबरसहरै छ भन्न्या ष–
२०. बर छ भन्न्या सुनिन्छ. अंगरेज भरतपुरमा हल्ला ग–
२१. र्नालाइ फौजबन्दि भैरहृयोथ्यो. तेस्तै बिचमा मेरट्मा लोनो अषतर मर्‍यो. लषनौ नबा–
२२. फछेउ २ करवर रुपया कर्ज लि अंगरेजले भर्तपुर–
२३. मा हल्ला गर्नालाइ तयारि छ. बनिञाका घोडा
२४. षेचर बंद गरि आफु लिन लागिरहेछ. गुमस्ताहरु–
२५. ले लेष्याको रहेछ र कहृंथ्या. पनेरु पल्टन्हेरु जा-
२६. न लागि रहृयाथ्यां. दिलुवालसिं वेलास् राइले हा–
२७. मिसित भंन्या आफुले वेष्यामा पाहाडमा रहृया–
२८. का पनेरु पल्टन् सब देसतरफ जान लागी रहृया–
२९. छन्. शुभम्______________

○

# ज. भीमसेन थापालाई वकील चन्द्रशेखर उपाध्यायले कलकत्ताबाट वि. सं. १८८० आश्विनवदि २ रोज २ को दिन लेखेको पत्र

श्रीदुर्गाजी

१. स्वस्ति श्रीसर्वोपमाजोग्यशौर्य्यौदार्य्यदयादाक्षिण्यादिसद्गुण–
२. राजिराजीतस्तूयमानकीर्तिराजभारसमर्थश्रीश्रीश्रीजनरल–

३. साहबभीमसेनथापामांहासयेषु ईत: शुभेंछु चन्द्रशेखर
४. उपाध्यायको शुभासीर्वादपूर्वकम् पत्रम्. कृपाले जांहां आन–
५. न्द छ. तांहांको आनन्द मंगल सर्वदा चाहिय. आगे जांहाको
६. समाचार भलो छ. उप्रान्त भाद्रवदि ६ रोज ४ मा तांहाबाट ष–
७. लिताका नकलसमेत रवाना भयाको पत्र भाद्रसुदि ८ रोज ६ का
८. दिन दफदर्षानाबाट आयो. पछि बीस्तार बीदित भयो. लाटसाह–
९. बलाई पटाउन्या तोफा बर्सातबाद तम्रा मारफत पुगला भनि
१०. आज्ञा आयाका अर्थ हुकुम र आज्ञाले जांहां रहियाको छ. हुकु–
११. म र आज्ञा आयामाफिक टहल गर्न्न हाजिर छु हालसुरतका अ–
१२. र्थ जांहां अघि सुन्या पायाको भाद्रसुदि ४ रोज २ मा रवाना गर्‍या–
१३. का पत्रले जाहर भयो हो. आजकाल अरु ताजा षबर केहि सुनिदै–
१४. न. आदम् साहब छ मंन्हाको रजाय लि भाद्रसुदि ८ रोज ६ का दिन
१५ जाहाजमा चढि बर्म्ब केपका तरफ हावा षानालाई भनि कुच
१६. गर्‍या. हावा षाई केहि दीनमा फर्कन्छन् कि उतैबाट बेलायत–
१७. को राहा लिन्छन्. सो औ कलकत्तामा उन्का कौंसलि चौकिमा
१८. कोई भर्ना चांडै हुन्छन् कि छ मंन्हा राह हेर्छन्. सो पछि थाह हो–
१९. ला. सहर्मा भन्या आदम्का चौकिमा बेलि बस्नन् भन्न्या कुरा
२०. सुनिन्छन्. आदम्का आपीस्मा लसन्टिन् साहब छोटा दर्जा–
२१. मा थिया. उनलाई लाटसाहब आजकाल बहुत चाहन्छन्
२२. भन्न्या कुरा पनि सुनिन्छन्. अरुका भैं ई लाटका जर्नेलि गौरन–
२३. रि दुई काम नहुनाले जांहांका कामवालाहरुले थोरो दिलमा सु–
२४. बुक समझ्या भैं लाग्थ्यो. अकिलका पोष्ता रहयाछन्. आजकाल
२५. सर्मा मोलाका कागजपत्र हेर्बुझ गर्न लागिरहयाछन्. घटाउनु
२६. बढाउनु क्या गर्छन् अलिक् दिनपछि षुल्लस् होला. आजकाल क–
२७. सैका जोवानी ४।५ वटा आपीस्लाई २०।२५ सं मंन्हाको केरा–
२८. या षर्च हुंदो रहेछ. बडा कम्रामा कचहरिलाई जगा छर्दैछ. स–
२९. बै आपीस् ठुलै कम्रामा गर्नु. केरायाका जगा छोडिदिनु भन्न्या
३०. बुझ लाटसाहबले गर्‍या भन्न्या कुरा सुनिन्छन. सो पनि मैन्हाबा–
३१. ङमा थाह होला. हाम्रा सर्कारका मुनसि चुनिलाल पनि मु–

३२. क्त भयाछन्. ईन्का पनि मीर मुनसि महमद हसनलाई २ मै–
३३. न्हादेखिन् बुषारको बीमारि थियो. भाद्रसुदि ८ रोज ६ का दिन
३४. अन्तकाल भयो. उन्का काममा अर्को मुनसी बाहाल भयाको
३५. छैन. उनैका छोटा दर्जावाला मौलबी अबदुल् करिम हुन्छ–
३६ न् कि दिगर आदमी हुन्छ. नामुद भयापछि बिन्ति लेषन्या का–
३७. म होला. पेसाबरका लडाईंमा काबुलवालाको एक रीसल्दार
३८. रंजितसिहका लस्करले पक्रि दौलतका बाएस् मारपीट बहु–
३९. त गन्याछन्. लोहा गर्म्म गरी छातिमा जलायाको पनि रहेछ.
४०. बहकंदा २ जांहां आईपुगेछ. २० आदमी साथमा रह्याछ–
४१. न्. उस् रीसाल्दारले कह्याको षबर रंजितसिहको जीस (क–)
४२. टारिया भन्याको एक सर्दार पेसाबरदेषि आफ्ना साथको
४३. लस्कर ८।९ हजार साथ लि जलालाबादमा काबुलको स–
४४. र्दार थियो. उसैसित् सामिल हुन गयो. उसैतह्रफ छ. काबु–
४५. लवालाले पनि कलम् पक्रि र[ह्या]छ. १।२ लडाई हुनन्. तर हा–
४६. म्रा घर्फुट भयाको छ. लडन्या सर्दार कोहि छैन. अघि हाम्रो
४७. घर फुट नभयामा एहि रंजीतसिह कैल्हेई उस्तरफ जा–
४८. न्थ्यो र ४।५ हजार लस्कर लि काबुलवाला आउथ्यो र रंजी–
४९ तसिहलाई तोबा गराई हटाउथ्यो. अब घर फुट भयाको
५०. बष्त छ. कस्त गऱ्या रंजितसिह अम्बल गर्ला. एसमा ताजुब
५१. छैन भन्न्या कुरा गर्छ. यो मानिस काबुलैमा घर भयाको
५२. ठिकान्दारै भन्या जस्तो रहेछ. उप्रान्त भाद्रवदि ११ रोज २ मा
५३. तांहाबाट दुश्रा षलिताका साथ रवाना गर्नु भयाको पत्र ष–
५४. लितासमेत भाद्रसुदि १५ रोज ७ का दिन आईपुग्यो. दाषिल
५५. गर्न्या काम भयो. मजमुन एस्को अघिल्ला षलिताका साथ आ–
५६. याका नकलले बिदीत भयो. जस्माफिक आज्ञा आउला. ट–
५७. हललाई हाजीर छु. बिज्ञेषु किमधीकम्. मिति आसीनवदी
५८. २ रोज २ सम्वत १८८० साल शुभम्

○

# रामनगरका राजा तेजःप्रताप सेनले ज. भीमसेन थापालाई वि. सं. १८८२ श्रावणशुदि ६ रोज ६ को दिन लेखेको पत्र

श्रीसाम्बशिवः

१. स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचंद्रवंशसमुद्भवसदासमारा-
१. धितसाम्बशिवलक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीमत्तेजःप्र-
३. तापसेनदेवानां सदा समरविजयिनाम्
४. स्वस्ति श्रीसर्वोपमायोग्यराजभारासमर्थश्रीश्रीश्रीजनरलभीमसेनथापाकेषु आ-
५. शिषपूर्वकपत्रमिदं. इहां कुशल छ. तहां कुशल चाहिय. आगे जहांको समाचार भ-
६. लो छ. उप्रान्त जहांको बिस्तार धनराज कार्किहस्ते पठायाका पत्रले र उन्का जवा-
७. नीले जाहेर भयो हो. (सिवा)नाका अपीलमा सवाल जबाब लाग्याको थियो. हाम्रो अ-
८. पील मंजूर भयो भन्न्या षत आईपुग्यो. भयो तपनि तेसको भरोसा मंले मान्याको
९. छैन तेताबाट गरिदिया मात्र मेरो सब बन्न्याछ. तेताबाट बन्याको जो छ. पत्थ-
१०. रको रेषा हुन्याछ. सर्वपक्षको भरोसा ताहिंको राष्याको छ. षर्दारलाई सुतक
११. .. त उनबाट नलेषिंदा मुफसिल बिस्तार अर्कँ पुर्जामा लेष्याको छ.
१२. . इति सम्वत् १८८२ साल श्रावणशुदि ६ रोज ६ मुकाम
१३. (रामनगर शु)भम्

○

# वि. सं. १८८२ को कपर्दारीरकमको दर्शनभेट

१. सम्वत १८८२ साल
२. सर्कार श्रीश्रीश्रीज्यू
३. नर्गादि—
४. कपर्दारिरकमको दर्सनभेट

२

अवार्ज्यँ आमदनी

५. मार्गसुदि ६ रोज पाटन बाहाफल सेराका ८३ सालको
६. बालिका थमौटि मार्फत जोगनारां मोहर रु ४
७. ये सुदि १४ रोज देविदत्त लहटचाले मनबोधनको षा–
८. एल लहटचाको चौधरी आधा दर्सन गऱ्याको मोहर रु २
९. माघसुदि ५ रोज विद्यानन्द वैदले पुर्वपटी साटो आया–
१०. को सेराका ८३ सालका थमौटिका दर्सनभेट मोहर रु ४

○

# ज. भीमसेन थापालाई लेखेको पत्र

श्रीदुर्गा शहाये

१. [स्वस्ति श्रीसर्वो]पमाजोग्येत्यादीशकलगुणगरिष्टराजमारोद्धारण–
२. [सामर्थ] श्रीजनरलसाहेबभीमसेनथापामहासयेषु
३. ···देउ पाध्याको वेदोक्तशुभाशीर्वादपूर्वकपत्रमि-
४. (दं.)···चरणारवृन्द कुशल मंगल भया हाम्रो प्रतिपाल
५. [होला. आंहांको समा]चार भलो छ. उप्रान्त वानीवीलास् उपाध्याले
६. ···दीया र चलान गरि पठायाको छ. दाषिल भै अ
७. ... पियाको झगरा अंरेजको दर्बार छ. येस् दर्बार
८. ... न भन्या जल्दी षतम् पांउंन मुस्किल् बात छ. च–
९. ··· त्तह मेहर्बानगिले मात्रै ई दुवैको बेहत्तर हुन्याछ. प
१०. ···षबर भरथपुर अम्बल् दषल् सल्तन् गरि मछेरिवालाके
११. ··· गरिराष्याछन् भन्या षबर छ. येउटा अर्को कुरा दौलथ्
१२. (राव सिं)धीया पनी मऱ्या. मुलुक् जफनीलाई १२ पल्ट ग्वालीयरमा जमा भै र–
१३. (हयाछ)न् भन्या षबर पनी उडंती सुनीन्छ. ब्रह्मातीरको षबर १ करोर रु–
१४. (पि या र केही मुलुक् लीनु गरि अंरेजले सुल्लह मंजुर गऱ्या. सुल्लह भै फौज
१५. फिऱ्यो भन्न्या कुरा अघि सुनी बिंती गरि पठायाको हो. पछि सुन्नामा आयो.
१६. बातचीत मात्रै षतम् भयाको थीयो. हदनामामा सही हालन पठा–
१७. याको दर्म्यानमा ब्रह्माका ऊकीलले आज ल्यांउछु भोली ल्यांउछु भ–
१८. (नी)···टाल्दा अझ ईन्का दीलमा दगै छ भनी बुझि अंरेजले फेरि

१९. ...गऱ्या. अघि बस्याका ठाउदेखि ५०।६० कोस् बढि मलवन्को कील्ला-दखल्

२०. ...जीनीस् पनि धेरै [अंगरे]जका हात लाग्यो. आबा सहर पुग्न ला-

२१. ...को रहऱ्याको छ. अब र सुलह हुदैन ...

२२. ...ले गर्न लाग्यो भ ..

○

# ज. भीमसेन थापालाई वकील उमाकान्त उपाध्यायले कलकत्ताबाट वि. सं. १८८३ श्रावणशुदि १ रोज ६ को दिन लेखेको पत्र

श्रीदुर्गा सह(ाय)

१. स्वस्ति श्रीसर्वोपमायोग्यशौर्यौदार्य्यदयादाक्षिण्यादिसद्गुणराजिराजित-

२. स्तूयमानकीर्त्तिराजभारोद्धरणसमर्थश्रीश्रीश्रीजनरलसा(हेबभीम)सेनथा(पा)-

३. महांशयेषु इतः उमाकान्त उपाध्यायको शुभाशीर्वादपूर्वकम् पत्रम्. कृपा-

४. ले जांहां कुशल छ. साहेबको कुशल मंगल सर्वदा भया हाम्रो प्रतिपाल हो-

५. ला. आगे जांहांको समाचार भलो छ. उप्रान्त पाया सुन्याको षबर श्रावणव-

६. दि ५ रोज २ मा रवांना गऱ्याको बिन्तिपत्र पुगी जाहेर भयो हो. श्रावणवदि १०

७. रोज ७ का दिन् कौसल्का कामदेषी फराकत् भै गौर्नर अम्हिरष्ट साहब

८ बिबीसमेत् कलकत्ताबाट ५ घडी दिन बांकी छदा सुचामुषी पिनिस्मा सवा-

९. र भै कुंच गरी चांनक् गया. किल्लामा सलांमीका १९ तोप् आबाज् भया.

१०. तस्का अघिल्ला दिन् जंहांका सब काम्वाला अंगरेज र बीबीहरुको म-

११. ज्लिस् गरी रोकसत भै जांन्या कुरा थिया. गौर्नरका छोरालाई बुषारले

१२. षलल भै तबिअत् नांसाज हुंदा मज्लिस् मांकुफ गरी आपना स(ा)थ-

१३. मा गोरा सिपाही १ सय तुरुक् सवार ४ सय काला सिपाही ५ सय कि ..

१४. सय साथमा ली एताबाट कुंच गऱ्या. इष्टारलिङ् साहब श्रावण ...

१५. ज ४ का दिन् कलकत्ताबाट चांनक् गया. ई पुग्निबिक्तिकै...

१६ हुन्छ भन्दा सुनियो. तस्तै बीचमा गौर्नरका छोरा क...

१७. चांनक्मा श्रावणवदि १३ रोज ३ का रात्रिमा इ(न्तकाल)…
१८. गोरदिन तेस्रा दिन बृहस्पतिवार अंगरेज…
१९ जांग्यै दिन्मा एस्तो पर्न जांदा गौर्न(र)…(कु)–
२०. रा सुनिया. इन्तकाल भयाका षबरको…
२१. सैले जाहर होला. केहि दिन् रहि छोराको गमी…(कु)–
२२. च गर्छन्. सो निस्तुक् भयापछि बिन्ति लेषन्या…
२३. वारका दर्बारमा गौर्नर साहिब पश्चिम् कुंच गर्न्या…
२४. ता ४।५ जनालाई दिया. हांत्रा सर्कारलाई गाड्नर साहबका मार्फत(ष)–
२५. लीता दाषील भयो हो. तस्को मुसन्ना षलिता १ हांमीलाई पनी दिया. (डा)–
२६. कमार्फत् रवांना गर्न्याको छ. दाषील होला. षलीताको नंकल् विंदा मीर
२७. मुन्सीले तोहफाहरु आंउन्या मोंकर भयेन क्या मनि सोधदा अलबत्ता बा–
२८. द बर्सात पठाउनाको जिकर थियो. हिन्दुस्तान्का माफीक (स)भ मुलुक्को
२९. राह छैंन. दिल्मा त तोहफा भेजनाको कमाल् इरादा होला. लेकिन् ब-
३०. र्सात औलका सबब आदमीको जाञां होला. तोहफा साबूद आईसकै-
३१. न भन्न्या कयासन् मांलूम हुन्छ. केहि दिन्मा जाहर होला भन्न्या कुरा
३२. गरियो. धुवांका कलको जहाज् मर्मत भै तयार भयी आवा जांन्या सौगात अ–
३३. गुतर्वालीहरु फेरी चढी जहाज् रङ्गूनतरफ अस्ती रवांना भै गयो. अ·
३४. षबारी षबर.. इङ्लिस्तान्बाट ड्यूक् आफ् बयङ्ङटन् मवारक्बादलाई
३५ रुस् पुग्याको औ रुस्का बादशाहवेषी वांहांका अमीर लोग बहुत् नां–
३६. राज हुंदा बादशाहले मालुम् गरी अमीरहरू कै येक्लाइ कं… हु–
३७. लाक् गर्न्या काम्मा लाग्दा येसै सबबले बादशाही ताज सिरपर राष-
३८. न्या षुसी हासील गर्न्या काम् पनि आउन्या कार्तिक् महिंनामा ठहर्‍या–
३९. को मार्च महिंनाका दसैं तारीष् फागुनसुदि २ रोज ६ का दिन् पुर्तकेस-
४०. का बादशाह इन्तकाल भया. तन्का बडा बेटा ब्राजीस नामें मु–
४१. लुक्का बादशाह छन्. पुर्तकेसका कार्यदार्नाहरुले एस् मुलुकमा त–
४२. ष्तनशीनीलाई आउंछौ की बाजी…
४३. उनको षबर नं आईपुगन्ज्याल्लाई बादशाह कौ भन्न्या… (का)–
४४. यम् मुंकाम् रह्याको. अरबका नज्दीक् मिसर… (मु)लुकमा…
४५. को काम् टोपीवालाका माफिक्.. ग्रेक्का जातको माघ–

४६. को रुम्का फौजको सर्दार इबराहीम् पाशाका...
४७. महिंनामा लडाई दर्पेश भई रुम्का फौजको नाएब सर्दार ३ हजार फौज
४८. मारियो. ९ सय गिरफ्तार भया. बांच्याकामा...असबाब् सब ग्रेक्का हा–
४९. त लाग्यो जमीन् पनी ग्रेक्ले पाया भन्न्या. आवाबाट रङगून्मा दोस(रा)
५०. किस्तका रुपैया सब आईपुग्याका छैनन्. ८०।९० आई...
५१. दैछन. लेकिन् आवावालाका जीमा दोस्रा किस्तका...
५२. अंगरेजको फौज उठ्यापछि पैगुवाला चढला की भन्न्या
५३. स गर्छ आफ्नु फौज रङगून्मा मजबूतसंग राखी इन्हेरु... (जु)–
५४. स्तो गरी फौज उठाउन्या विचार होला भन्न्या कुरा रंजीतसिं ..
५५. आलुवाला फतेसिं लोधियानाब ... मेल्न्या कस्तर ब(स्)–
५६. छन् भन्न्या र रंजीतसिंहले आफ्ना फौजका स(र्दार)हरुलाई आश्विन मै–
५७. न्हामा मेरा पेशावरका तरफ् कुंच होला. तयार रह भन्न्या ..
५८. सवाई जैसिंलाई दसहरादेखी जनांना महलबटा निस्की आमद ..
५९. रमा बस्नू भन्न्या हुकुम् सदरबाट आयाको छ भनि वांहांका ..
६०. सुनायाको. लष्नौवाला सम्सुद्दौलाका बुहारीहरु बना(रस)...
६१. दा त्यांही श्रावणवदि ३ का दिन् बजरामा वज्रपात भई ४ आदमी म–
६२. र्याको. एसै महिंनामा मछलीबन्दरबाट आयाको तिजारती जहाज
६३. गंगासागर पुगी तुफान्ले मारीयाको. आजकाल बुंदेलखंड बम्बैमा
६४. लुटेरा डकैतहरुको प्रबल बढ्याको. गौर्नरका साथ रहन्या सुबेदार षाजे-
६५. वली महम्मदले आवाका लडाईमा जवांमर्दी गर्दा दर्माहसिवाय ता–
६६. जिन्दगी ७० रुपया महिना कौंसलबाट मौंकर भयाको. इन्हेरुका मुलुक् ब–
६७. ढि इलाका बढदो जांदा एताबाट वेलाईतमा मुलुकगीरी काम्का अंग–
६८. रेजहरु मगाई पठायाको गैरह पूर्व पश्चीमका षबर छापियाका अषबा–
६९. र फर्द ३ जान्छन्. इनैले बिस्तार जाहर होला. अरु समाचार यथास्थित छ.
७०. त्यांहांउप्रान्त जो होला. बिन्ति लेष्न्या काम् होला. विज्ञेषु किमधिकमिति.
७१. श्रावणसुदि १ रोज ६ सम्वत् १८८३ साल. मोकाम कलकत्ता तुलाबाजार (छेउमा)

शुभम्— = = = =

○

# ज. भीमसेन थापालाई देवऋषि उपाध्यायले पटनाबाट वि. सं. १८८३ कार्तिकशुदि १३ रोज १ को दिन लेखेको चिठी

श्रीदुर्गा शहाये

श्रीगंगा

१. [स्वस्ति श्रीसर्वोपमाय]ग्येत्यादीसकलगुणगरिष्टराजभा–
२. [रासामर्थ]...श्रीजनरलसाहब भीमसेन थापा
३. ...देवरिषि उपाध्याको वेदोक्तशुभाशी–
४. ...(इ)त नीक. ताहा चरणारवृन्द कुशल
५. ...(हो)ला. आगे जाहाको समाचार भलो
६. (छ). दीन येक पल्टन् पार उत्र्योथ्यो.
७. पान्सय लाल छन्. हाल कुहाडी सुगौली–
८. लाई जान्छ: (र)हन्या पल्टन दानापूर आई टुटछ भंन्या
९. (ष)बर थीयो. त्यो पल्टन् हाल कुहाडी गयाको भया सुबाहरुबा–
१०. (ट) जाहीर भयो हो. दानापुरमा रह्याको गोराको पल–
११. (टन्) यो पछिमतीर सब पल्टन् जान्छन्. लडांई
१२. ...गौ गा दुनीजा गर्छ. पछिमतीरबाट ग्रांउन्याहरु
१३. .. दार .. पुर सभैं गयो. रजीत्सिसित अंल्हे हात जोरि
१४. ...उदेपुर जोतपुर गंह्र रजपुतानामा सब गरि २७१२८
१५. ...रुपैया अंग्रेजलाई दीन्छन्. अब अदालथ् बसाउनाका बं–
१६. (दो)बस्तमा अंग्रेज छन्. उतंतीर बाकलो फौज गरि सबलाई भय
१७. देषाई काम सिद्ध गर्नामा छन् भन्न्या कुरा गर्छन्. भरथपुर–
१८. बाट...मुंगेरमा पुग्यापछि नाउ फाटिकन डब्यो
१९. भन्छन्. महंत हरिदासको र टेकारिका राजा मित्रजीत्सिको प–
२०. नि बेसं रिफागत् रहेछ. राजा हरिदासजीका स्थानमा आयाथ्या.
२१. केही जमिन् पनि साध लाईदीया. जमिन् कति साध लाग्यो भनी

२२. ... उ भन्या ५ ६ हजार रुपैया मिल्न्याछ. बेच्यादेषि
२३. ... र जमिन सबै अबादी बेस् छ भन्थ्या. आज
२४. ... उन्‌बाट पनी पत्र चह्लाई पठाया हुन्. चर
२५. .. (कार्ति)कसुदी ११ का दीन कुच गरि मोहन्सीं पनी
२६. ...न् गर्न आईरहेछ. दाषिल होला. मेरा अ–
२७. ...(प्र)तीपाल गर्नुभयाको छ. आज्ञाबमोजीमको ठ
२८. (आ)शीर्वाद गरि — — — तटमा बसियाको छ. प्रभु चरणा
२९. .. र दौलथले मानिस् तुलवाई बक्सनुभयाको छ.
३०. .. (उत्तर)ोत्तर वृद्धि आयूर्दा जस् बढोस्. प्रभु
३१. ···को पीडा छ. पुगोस्. महाजनको धन् पा–
३२. ... पनी होला भनी जमादार हेमनीधी
३३. .. चाप पथर पठाआथ्यां. तनुषाह अट्कन जादा
३४. महाजनको टटा र सुद बढदै जान्छ. प्रभु मंले हेमनीधी जोसि–
३५. को येक दाम रिन लीयाको छैन. त्यो चाप पथरको तनुषाह बक्–
३६. स्या गया षाडल्‌बाट उक्सन्याछ. न तर म नासिजा. प्रभु वी–
३७. नासिति बिर्त्ता बेची तिर्नुपर्न्या भयो. प्रभु बुझ्या जावस्. दुहाई
३८. चरणारवृन्दको. पत्रमा ज्यादा क्या बिंति गरु. अप्सर पर्न्या –
३९. को छीमा गर्न्या जाला. ईति सम्वत् १८८३ साल मिति कार्तिक–
४०. सुदी १३ रोज १. मुकाम पटना सुभम् ——— ——— ———

○

# रामनगरका राजा तेजःप्रताप सेनले ज. भीमसेन थापालाई हरिनगरबाट वि. सं. १८८३ माघवदि ३० रोज ६ मा लेखेको पत्र

श्रीसाम्बशिवः

छापमा–
सांब
शिव
श्रीमत्तेज.प्रतापसेनदेव

पत्र सही

१. [स्वर्ि]स्त श्रीश्वरचरणसरोरुहस्मरेणत्यादिश्रीमद्रामचंद्रवंशसमुद्भवसदास–
२. [माराधि]तसाम्बशिवलक्ष्मीनारायणश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीम–

३. (त्तेज:प्रता)पश्येनदेवानां सदा समरविजयिनाम्= = = = = = =
४. (स्वस्ति श्रीसर्वोप)मायोग्य राजमारासामर्थ श्रीश्रीश्रीजनरल् भीमसेन थापाके अ(ा)–
५. (शीषपूर्वकपत्रमिदं. इ)हां कुशल. ताँहां कुशल चाहि(ये.) आगे इंहांको समाचार भ–
६. (लो छ.) बहुत दिन भयो. तांहांको कुशल छेमको षबर नपांउंदा जीव
७. .. (बां)की इहांको हकिगतका अर्थकन शन १२३१ शालमा रामगीरत–
८. ... (बन्दो)बस्त गर्नु थियो र मेरो डेरा केशरियामा बसि अमीनहरुलाइ र
९. ...नापियो. रामदत्त मिसीरको माल्गुजारिको मगरहरी १ घो–
१०. ...रामपूर १ सीसइ १ हरनहिया १ महाबलिया १ दुर्गबलिया १ चिताम–
११. निपूर १ गाव शनाथ ओझाको मालगुजारीको भगवानपूर १ इंदंरवा १ पुरै–
१२. निया १ भसुराडि १ सषुअनिया टोला ३ बभमीलि १ भलुआहि १ गाव
१३. नापदा इनिहरुले धूम फसाद गरि थानामा नालीस गऱ्या. हाम्रो मोकर्री बृत्ता हो
१४. भनि छपरामा नालीस गऱ्या. यो कुराको बिस्तार नरवीर पांडे बोहराहरुले पनि बु–
१५. झि जानि गयाको छन्. तांहांदेषि उप्रान्त आजसम्म मोकदिमा लड्दै आयाको थि–
१६. यो. आज र न इनहरुको मोर्कार हो. न बृत्ता हो. कइ एक बेर अर्काको साथमा प(नि)
१७. बन्दोबस्त भयाको हो. कइ एक बेर ओझा मिसीरसित पनि बन्दबस्त भयाको (हो.)
१८. जालमोहर बनाइकन दस्ताबेज छपरामा निमषहरामाले दाषिल गर्दा सा–
१९. हेबान अदालतले पनि अषजको मारे न जालमोहरको तहकिकात गऱ्यो. न
२०. गोहाइको इजहार सुन्यो. एकै बेर निमकहरामाहरूको डिगरी गरिदियो. का–
२१. गजमा कति लेषु. एसको बेवरा ढेरै छ. फौजदार धनराज कार्किले जाहिर गर्न–
२२. न्. तदर्थ इहां भन्या जो मुलूक थियो. उसमा पनि घुन लाग्यो. इहां हामीले ग–
२३. र्न्या कुरा त सभै गरिसकीयो. रुपैया पनि दश बाह्र हजार षर्च गरियो. हाकीम–
२४. ले नबुझिदिया केहि लागन्या रहेनछ. माछाको बल पानिसम्म. हाम्रो बल त–
२५. हिको छ. अब र यो मुलूक ताहिको हो. तांहांबाट संभार रहचा मात्रै होला भंन्या
२६. ठहराइ तांहां अर्जि चह्लाइ पठायोका छ. आज तांहांको गारन साहेबान प्रभू–
२७. ति को साहेबानलाइ जहां जहां लेषि बन्दछ. जसो गरि हुन्छ. सो सभै
२८. ...(करु)णा दृष्टिले आपनो काम जानि तंदेहि गरिदिया हुन्याछ. मे–
२९. ...स दर्बारमा अर्को इष्ट कोहि छै(न.) बातको भरोसा तिम्रो छ. अ
३०. ...छन्. यो पनि जाहिर गर्नन्. इति सम्वत् १८८(३) शाल
३१. (मिति माघ)वदि ३० रोज ६ मोकाम हरिनगर शुभम्= = = = =

# रामनगरका राजा तेजःप्रतापसेनले सुब्बा भवानीदत्त थापालाई रामनगरबाट वि. सं. १८८४ पौषशुदि ४ रोज ७ को दिन लेखेको चिठी

छाप

१. स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवंशसमुद्भवस-
२. दासमाराधितसाम्बशिवलक्ष्मीनारायणश्रीमन्माहाराजाधिराजश्री-
३. श्रीश्रीश्रीश्रीमत्तेजःप्रतापसेनदेवानां सदा समरविजयिनाम्
४. स्वस्ति श्रीसर्वोपमायोग्य राजमारासामर्थ श्रीश्रीश्रीसुबा भवानी-
५. दत्त थापाके आशिषपूर्वकपत्रमि(दं). इहां कुशल. तांहां कुशल चा-
६. हिये. आगे इहांको समाचार भलो छ. उप्रान्त इहांको हालसुरत
७. अघि गयाको षतले मालुम भयो हो. तांहांदेषि उप्रान्तको हकिग-
८. तका अर्थकन साबिक दस्तुर छ. बांकि आजसम्म त कवनै रंगले
९. एतातीर टारटोर पारियाको थियो. आज र तेतातिरबाट तांहां दे-
१०. षाइ पर्दा हामिलाइ फुस्याले तांहांको पक्ष लगाइकन दारोगा प-
११. ठाइकन धूमधाम गर्न लागिरहेछ. हिजोदेषि बारबार बडासर्का-
१२. रमा बिन्ती गन्याको एहि (दि)नलाइ हो. आज हाम्रा लडिकावाला
१३. राषन्या जग्ग बक्स्याको (पा)या हामि पनि एक चित्त भइ (श्री ५सर्कार)को षं-
१४. रषाहि गरिदो हो आज र (दो)स्रो हाम्रो थात नहुनाले र यस्को जिमि-
१५. दारि गर्नाले यस्ले भन्याको – – त सहि यस्संगको ललोपतो गर्न परि-
१६. रहेछ. तर यस्को जिमिदारिमा छौं त पनी हाम्रो चितवड तेहि हो.
१७. आस भरोसा तांहिंकै राष्याको छ. मुषको ललोपतो यस्तीर छ
१८. तपनि – – नै छ. यो निश्चय बुझ्या. बांकी तांहांबाट हाम्रो मुलुक
१९. – – बनाइ नदिंदा हाम्रो मुलुक सान्हो हडबडायाको छ बहूत
२०. (क्या ले)षुं. ज्याहामा मेरो बेहतर हु छ सो काम तिमि गर्न्यैछौ.
२१. – – बातको मनिराम कार्कि गर्ला. सो प्रमाण छ. इति
२२. (संवत् १८८४ सा)ल मिति पौषशुदि ४ रोज ७. मोकाम रामनगर शुभ

○

# पण्डितराज कृष्ण पण्डितले रामनारायण श्रेष्ठलाई वि. सं. १८८४ चैत्रवदि ५ रोज ५ को दिन लेखेको पत्र

श्री

तनुषा सही पैसा रुपैआ
उन्नाइस, ६ आना दि हाल.

छापमा

| |
|---|
| श्रीगुरु पंडित–<br>राज कृष्णपंडित–<br>जी सम्वत् १८६६ |

१. स्वस्ति श्रीगुरुपंडितराजश्रीकृष्णपंडितस्य पत्रम्
२. आगे रामनारान श्रेष्टके जिल्ला सागा सिन्धुपूर्व मेचिपश्चिमका ८४ सालका सर्वप्रायश्चित्त–
३. का आमदानिमध्ये तेराहाबाट चामुले लियाको तोस १ के ५।।ऽ कपडाको १०ऽ ज्मा मोहर रु १५।।ऽ
४. के पैसा रुपया १६। = ऽ उन्नइस रुपया ६ आना तनुषा गरिदियाको छ. भरि ले. बहि बुझदा मो–
५. जरा पर्ला. इति संवत् १८८४ चैत्रवदि ५ रो ५ शुभं

○

# ज. भीमसेन थापालाई वकील उमाकान्त उपाध्यायले कलकत्ताबाट वि. सं. १८८६ मार्गशुदि १० रोज ७ को दिन लेखेको पत्र

श्रीदुर्गाजी सहायः

श्री ५ महाराज
१

श्रीगया
२

१. स्वस्ति श्रीसर्वोप [मायो] ग्यशौर्योदार्य्यदयादाक्षिण्यादिसद्गुणराजिराजितस्तूयमान–
२. कीर्त्तिराजभारोद्धरणसमर्थश्रीश्रीश्रीजनरलसाहबभीमसेनथापामहाशयेषु इतः

उमाकान्त उपाध्यायको शुभाशीर्वादशतम्पूर्वकं पत्रम्. कृपाले ऊंहां कुशल छ. तींहांको कुशल मङ्गल सर्वदा चाहिन्छ. आगे ऊंहांको समाचार भलो छ. उप्रान्त कार्तिकसुदि ५ रोज १ औ मार्गशीर्षबदि ३ रोज ६ मा लेष्याका कृपापत्र मार्गशीर्षवदि २।१३ रोज ५।३ का दिन आईपुग्या. पढि बिस्तार बिदित भयो. लाठसाहबबाट [1] का हजूरमा मबारक्बादको जवाबी षलीता गयाको कार्तिकसुदि १५ रोज ४ का दिन [1] का हजूरमा हाजसन् साहब आइ सरसिष्टाचार बढियें बातचीत गरी दाषील गरी गयाको मालुम भयो. जाहरदारीमा हाम्रा श्रीसर्कारको षातिर इन्हेरु सिवाय राष्छन्. अरुसंग विसेष येस्तो दोस्ती कसैसंग देषिदैन बाकि लाठसाहब मंसीरका १७ दिन् जांदा एनाबाट कूंच गरी बडादिन् बनारस गै मान्दछन् भन्न्या षबर हुंदा अघी बिन्ती लेषियाको हो. कार्तिकसुदि ६ रोज २ का दिन् दफ्तरषानामा मीर मुन्सीले इष्टारलिङ साहब आजंतक् दर्बार गरी कूंच गर्छन् भन्न्या जिकर चलाया. साहब दर्बारमा आई दिल्ली लषनौ आलवन् भोजपूरका वकीलहरुलाई चांडो जाउ भन्या ताकीत गरी अतर पान दी रोक्सत गऱ्या. मैंले पनी अघिल्ला साल तोहफा दाषील गरी [2] श्राद्ध गर्न जानाको मर्जी आयोथ्यो. तोहफा दाषील गरी वक्त नरहंदा जवाई भयेन. एस् साल लाठ साहबका हम्राह रिकाब जानाको इरादा छ. जो मर्जी भन्दा बेस् दर्षास्त दाषील गर भन्या. दाषील गरियो. ७ दिन्बाद बोलाई राहदारी पर्वाना दिया. लिञौं. रोक्सत पनी हुन्छौ की भन्या र हाम्रा श्रीसर्कारको हुकुम लाठसाहबैका हम्राह रिकाब आउनु भन्न्या आईरहेछ. ऊंहांको जो मर्जी भन्दा लाठसाहब त वेलाईतबाट आउन्या जर्नैल लार्ड डिल्हौसी साहबको राह हेर्छन्. महिना षांडको देर छ भन्या र हामीले पनी उसो भया अहिले रोक्सत हुंदौन. दर्बार आउंदै रहुंला. कूंच गरन्या दिन् आयापछी रोक्सत हुंला भन्युं. बेस भन्न्या कुरा गऱ्या. वांहांपछि १।२ मातबर अंगरेजहरुसंग गै डिल्हौसी कवतक् आउनन्. लाठसाहब कबतक जांनन् भन्न्या कुरा सोधदा डिल्हौसी श्रावणवदि १ रोज ६ का दिन् जहाजमा सवार भै वेलाईतबाट कूच गऱ्याको षबर आयो. १ महिनामा आईपुगनन्. ई लाठसाहब्का जान्या अर्थलाई र बडादिन् ऊंहि मान्न ओंटचा गयेनन् डिल्हौसीसंग भेट भयापछि श्रावण भादौमा कदाचीत (गया) भन्या भन्न सकिदैन. विसेष इ पछिम् जादैनन्. इन्का मिजाजको बात कोई जानी सक्तैन भन्न्या कुरा गऱ्या र हामीले क्या सबब्ले जांदैनन् भन्दा कोट् आफ् डायट्टर यानै वेलाईतका कौसलीको राय लाठहरु सयरनिमित्त पछिम् जान्छन्. षर्चले कम्पनीको षराबी हुन्छ. उस्तरफ नगै नहुंन्या विसेष काम् परि आया जानु. आफना शो–

षले गया षर्च पनी आफैं ले लाउनु भन्न्या कुरा लेषी आउं दा एसै कुराले पनी जानाको मकूफ भयो भन्न्या कुरा सुनाया. दफ्तरषानाबाट पहिले बनारस गयाका मुन्शीहरुलाइ अझसम्म फिरी आउ भन्न्या चिठी गयाको छैन. अरु साहबहरुका चाकर असबाब् सब् जहां पुग्याका छौ. फिरी आउ भन्न्या षत गया. लाठ अहिले भन्या पछिम् जांदेनन्. बडादिन्बाद ४।५ मैं साहब साथ ली पूर्वतरफ शिकारलाई जान्छन् भन्न्या कुरा प्रमाणीक बढियैं जगहमा सुनिया. मैले पनी एताबाट जानाको एक् तौर बन्दोबस्त गरी राष्यांथ्यां. लाठ गएनन्. ऊंही थामिया. अब मलाई आउनाको आग्या मिल्छ भन्या मेहरबानगी गरी एक् पटक हाम्रा घरमा एस साल तिमिहरु जान्या भया कलकत्ताबाट आउनाको प्रमानगी पठाईदिउं भन्न्या आग्या गरी श्रीमहतारी दाज्यैमा कोही आउन आंटचा भन्या तांहांबाट पठाई मलाई पनी आउ भन्न्या प्रमानगी चांडो पठाईदिनुभया केटाकेटी सब छन् घर जांदा तराईका औलाले षराब हुं नन्. तसर्थ लागदै माघमा मैले एताबाट कूं च गरी पटना गै - 2 - श्राद्ध गरन्या काम गर्न पाया बढिया होला. कदाचीत घरसल्लाहमा एस् साल बेला पछायो भन्न्या ठहऱ्या र श्रीषामीदको मर्जी पनि नआया आग्यामाफिक् एस साल सबूरी गरी रहियला. आगे साल कार्तिकमा एताबाट हिंडी पौषी गरियला. एस्को जबाब चांडो आया जो ठहरला. इष्टारलिङ् सं ग पनी बातचीत गरन्या काम् गरियला. बाकी कम्पूका सिपाहीलाई कुर्थिनिमित्त लाल बस्ता २६२ नीलो बस्ता ३१ चाहियो. तलास गरी चांडो लेषनु र पाइन्या रहेछ भन्या रुपया ली मानिस पठाउन्या काम् गरियला भन्न्या आग्या आयाका अर्थ १०।८ दिन् बाजारमा तलास गरी हेर्दा अघी लिफ्टेन् षर्दारले लेग्या जस्ता कम्पनीका लाषा र नीम् गुलेनार रंगका रकम् बानात भन्या बाजारमा पाजीं दैनन्. आफ्ना षर्चदेषी सिवाय वेलाईतबाट कम्पनीको माल आउन मकूफ भयो. किल्लाबाट कसै बंगाली अंगरेजसं ग भनी उन्लाई केई षुवाई मोलमा पनी तेज गरी लिया निस्कन सक्छ कि भनी वांहांको मुषतार मदनमोहन बंगालीलाई एति बस्ता चाहिन्छन् भनी लेषीदी राष्यांछौं. दस् दिन्मा तस्को जबाब मिल्न्याछ. बस्तीराममार्फत पछि गया जस्तो नीम गुलेनार रंगको कप्तानी रकम् बानात आजकालका चलन्मा जो बढिया छ. सो २ सय बस्ता एक जगहमा ठहरीरहेछ. गजको रुपया ३ भन्छ. पौने तिन्मा देला. रकम् पुऱ्याउनालाई सय डेढ सय फुटकर बाजारमा पनि मिल्नन. १५।२० दिन्मा १ जहाज आईपुग्न्याछ. उस्मा पनी ४।५ सय बस्ता बानात छ भन्छन्. आयापछि कस्तो रकम् छ. मालुम होला. अहिलेका तलासमा दुइ सय बस्ताको रकम् र गुलेनारै रंगको मोटो १।। पौने दुई रु–

पया गजको रकम् १।७ सय बस्ता जो चाहियो मिल्छ. बानात वैसाखदेषि पुंढो गजमा २।४ आना किफायत होला. अहिले र कसैले लिया पनी महगो परला. हामीलाई चांडो आग्या आया कपनीको लाषा नीम् कति दरमा पाया लिनु सो र अघी गयाका बानातमा थोरो नमुना औ कप्तानी रकम्मा लिना नलिनाको आग्या आया सोईमाफिक् गरी पटनासम्म पु-याउन्या काम् गर्नु पन्या पनी हाजोर छौं. तांहांबाट षरीद गरन्या मानिस आया तलाममा ठहन्याका बानात देषाईदिन्या र आग्या आयामाफिक् गरन्या काम् गरिन्यैछ. पालपाबाट पल्टनका कुर्थि षरीदलाई मानिस आयापछि जांहां गरन्या काम् गरियला. बाकि नागपुरवाला राजा चिमनाजो आपा रनजीतसिहका इलाकाबाट हिन्दुस्थानमा आउंदा एताबाट हुकुम् गं दिल्लीका रजीडन्टले उस्तरफका राजा रजवाडालाई फलाना कम्पनीका दुस्मनलाई पक्री हाम्रा सपुर्द गर भन्न्या पर्वाना पठाईराष्याथ्या. चिम्नाजी आपा जोधपुरमा राजा मानसिहकहां गे तिम्रा शरणमा आजां भन्दा जोधपुरवालाले फलाना सवस जांहां आया. मन्दीर मानिस् फकंदका तरहले पहरा चौकीका साथ जांहां राष्याको छ. शरणमा आयाकालाई पक्री दिन्या हाम्रो दस्तुर छैन. इन्लाई सपुर्द गरदा हाम्रो सुबुकी औ बदनाम हासील हुन्छ. तसर्थ ई कसूरबन्द भया तांहां पनि कैदै रहनन्. तिमि दोस्तका दिल्मा अजराय मेहरबानी हाम्रो षातिर कबूल मन्जूर भया जांही रहनाको हुकुम् आवस् भन्न्या मजमूनको षलीता जांहां आउंदा एताबाट पनी औवल् कम्पनीको दुस्मन् तिमिले राषन्या होईन. सपुर्द गरदा तम्रो सुबुकी हुन्छ भन्या तिमि दोस्तको पासदारी औ षातिर कंपनीलाई कबूल मन्जूर छ. मानन्द कैदका हिफाजतसाथ तिन्लाई तांहि राष. अरु शहरमा गं दङ्गाफसाद बरपा गर्न नपाउन् भन्न्या बेवराको षलीता गयो. बाकि आवाका तरफ मेजर विनि बस्याका छाउनीमा अरु २।३ छाउनीमा ब्रंह्मावालाका ईसाराले बलवा परदाजहरु जमा भै ईन्हेरुलाई मारपीट गर्न ग्रांटयाको त साम्य भयो. उन्हेरुले पार लाउन सकेनन्. आजकाल थोरो फौज र अनाज पनी एताबाट उस्तरफ गयो. लेकिन् ब्रंह्मावाला अहद पैयमान् केहि नमान्न्या जानवरमाफिक जाहील आदमी रह्याछन्. एस्तासंग काम उठाई अम्हेरष्ट साहबले कंपनीलाई निहायत षराब गराई गया. हात लाग्याको मुलक भन्न्या आदमी नभयाको वेरान्. निगहबानीलाई अंगरेज फौज जो छन् तन्लाई एताबाट दर्माह भरन्परन्या. आगापरको उमेद पनी नदेषिन्या तरहका आदमी मुलक हुंदा. इन्हेरु आजीज भै यो मुलक तिमिहरुपर मेहर गरी सौंप्युं भन्न्या केही बाहना गरी ५।७ महिनामा उन्हे(रुला)इ सौंपी वांहां रहन्यालाई झिकाउनु की कसो गरनू भन्न्या कुरा–

को आजकल कौसल हुंन लागीरहेछ भन्दा सुनिन्छ. पछि जो निस्तुक ठहरी सुनियला. बिन्ति लेषीयला. बाकी ई लाठ आयापछि सिपाही गैरहको भत्ता आधा षारीज गर्दा पल्टनियांहरुले वेलाईतमा अर्जी पठायाको थियो. वाहांका तजबीजमा भत्ता षारीज नगर्नु. सब कायम् राषी बहाल गरीदिनु भन्न्या ठहर्‍यो. प्रमानगी आउंछ भन्न्या कुराको समाचार षानगी षतमा १।२ जनाहरुकांहां वेलाईतबाट लेषी आयो. साबीक सब कायम् होला भन्न्या कुरा सुनिन्छ. थोरै दिन्मा एसको षुलासा मालुम होला. बाकी सन्सारचन्की कबीलाले आफ्ना २ छोरी रन्जीतसिंहलाई बिइन. कार्तिकका ५ दिन् जांदा सादी गरी आफ्ना शहरमा ल्याया. अनिरुद्धचन्ले यो सादि कबूल नगर्दा आफ्नु शहर छोडी गयाका गयैछन् भन्न्या कुरा सुनिया. २ वर्षदेषी मुसलमानी झन्डा षडा गरी ५।७ हजार आदमी एकठ्ठा गरी कोई शहरमा पसी लूटपीट बलवा गर्‍या सैयद अहमदको तदारुक गर्न भनि पेशावर्को हाकिम् यार्महम्मद षां फौजसमेत अटक्का किनारामा बस्याको थियो. सैयद अहमद आई शब् षून गरी यार्महम्मद षांसमेत ३।४ सो आदमीलाई मारी असबाब लूटी लैग्यो. रन्जीतसिंहले उसका तलासलाई अटक्तरफ केही फौज पठाया भन्न्या षबर सुनिन्छ. बाकि रूसवालाले आषाढका १६ दिन् जांदा रूमवालाको सिम्ला पहाडका नगीचको सलस्तरी किल्लामा चढाई गर्दा भारी लडाई भयो. आषीर रूस्को जर्नैल डिबिचले किल्ला फते गर्‍यो. रूमको बडो वजीर र आधा फौज भाग्यो. आधा १० हजार फौज रूमको मारियाको सुमार भयो औ दोस्रो मुंहुंडा रबूदा शहरमा रूमीको फौज अली पासा सर्दार मुर्चाबन्दी गरी रह्याको थियो. रूसीया जर्नैल कस्मारले चढाई गर्दा लडाई षूब भयो. दुवै तरफका ज्यादा आदमी मर्‍या सुमार भयाको थिएन. आषीर अली पासाले वहुदा बराईनवेषदा हथियार उतारी आफ्ना ८ हजार फौज र रूसीयाका अघी लडाईमा पक्रियाका ५ सय कैदीसमेत ली जर्नैल कस्मारसंग गै मिल्दा रबूदा शहर पनी रूसको भयो. रूमवालो बहुतै टूटवो गयो भन्न्या षबर अंगरेजका वेलाईतबाट आयो भन्दा सुनिन्छ. अरु समाचार यथास्थित छ. जांहांउप्रान्त जो सुनियला. बिन्ति लेषन्या काम होला. कृपा राषी येस पत्रको जबाब चांडो पठाउन्या काम् भया बढिया होला. विज्ञेषु किमधिकमिति. मार्गशीर्षसुदि १० रोज ७ सम्वत १८८६ साल. मों काम कलकत्ता तुलाबाजार. शुभम्= = = = =

# रामनगरकी रानी अमरराज्यलक्ष्मीले ज. भीमसेन थापालाई रामनगरबाट वि. सं. १८९० आषाढशुदि ४ रोज ६ को दिन लेखेको पत्र

पत्र सही श्री:

१. स्वस्ति श्रीश्वरचरणसरोरुहस्मरणेत्यादिश्रीमद्रामचन्द्रवं-
२. शसमुद्भवसदासमाराधितसाम्बशिवलक्ष्मीनारायणश्री-
३. मन्महाराजाधिराजराज्ञीश्रीश्रीश्रीश्रीश्रीअमरराजलक्ष्मीदे-
४. वीनां सदा सौभाग्यशीलयुतानाम्
५. स्वस्ति श्रीसर्वोपमायोग्यराजभारोद्धरणसमर्थश्रीश्रीश्रीज-
६. नरलभीमसेनथापाकेषु शुभाशीर्वादपूर्वकपत्रमिदं. इ-
७. हां कुशल छ. तहां क्षेम कुशल भया चित्त साल्हाद रहला. आगे
८. इहांको समाचार भलो छ. उप्रान्त मेरो उपर बडो दया राषि यो
९. गादिमा पारिदियाको तेतैबाट हो. जहांउप्रान्त आफुले ध-
१०. र्माथरोपण गऱ्याको तुलसीको बिरवा जानि मेरो पालन संर-
११. क्षण गर्नु चाहिन्छ. माइती मं अर्कोलाइ जान्न्याछैन. आफनु
१२. धर्मबिरवा जानि सर्वदा रक्षाको नजर रहोस्. इति सम्वत्
१३. १८९० साल आषाढशुदी ४ रोज ६. मु. रामनगर शुभम्

○

# वि. सं. १८९० मा श्री ५ राजेन्द्रबाट भएको छातादानको पत्र

सम्वत १८९० साल
सर्कार श्रीश्रीश्री ज्यू
छाता
दान
श्री ५ महाराजाबाट

अवाज्यं मिजालोक

१. दु: माद्रसुदि १२ रोज प्रोहित दैवज्ञकेसरि अ-
२. र्ज्यालमार्फत भडारषाल्मा लाग्याको पुरश्चरण-

३. का सज्यादान हुदा सराजाम बाहुलीबाट संकल्–
४. प गरि दान भयाको प्रोहित दैवज्ञकेसरि अर्ज्या–
५. ल्के चिहुलिको ठुलो छाता ———————— १

○

# पण्डितराज रङ्गनाथ पौडेलले ज. भीमसेन थापालाई बनारसबाट लेखेको पत्र

श्रीः

श्रीमहाराज
१

श्रीप्रयाग
२

श्रीईश्वर
३

१. (स्वस्ति श्री)सर्वोपमायोग्यसकलगुणगरिष्टराजभारोद्धरणसमर्थश्रीश्रीश्री–
२. (ज)नरलभीमसेनथापाकेषु श्रीरंगनाथशर्मणः शुभाशीर्वादपूर्वकपत्रमिदं.
३. इहां कुशल छ. तांहां तिम्रो क्षेम कुशल भया चित्त सानंद रहला. आगे इहां–
४. को समाचार भलो छ. उप्रान्त अघिको हालसुरत डाकमा पठायाका पत्रले
५. बुझ्या हौ. हाल - -1- - बाट मर्जी आयाको ब्रह्माण्डपुराण षंड १ तयार ग(राइ)
६. पठायाको छ. पुग्ला. सब खंडमा ठलो खंड एहि हो. अरु छ खंड साना छ(न्. ले)-
७. षाउन लगायाको छ. एक पुस्तक लेषाइ शोधाइ अर्को लेषाइ पठाउ(नु)
८. ढीलो हुंछ. सर्कारमा पसंद ठह्र्यो भन्या तयार गराइ पठाउला. पद्मपुराण
९. स्कंदपुराणहरु पनि संपूर्ण मिल्छन्. तांहां षाहिश भयो भन्या लेषि आ–
१०. यामाफिक संग्रह गरि पठाउला. देशाबरी हालसुरत भन्या कंपनीको मिया–
११. द पुग्यो. अब बादशाही बंदोबस्त होला भनि बेलायतबाट हुकुम आयो भन्या अष–
१२. बार इश्तिहार कलकत्ताबाट आइरहेछ. तहकीक षबर तांहां मालुमं होला. रं–
१३. जीतसिंका पनि फौज र मुलुकको बंदोबस्त बढदै गयाको छ. कर्नैल कपतान व–
१४. कील साहेबानबाट गयाका छं. जो षबर विशेष इहां मिलला. पठाउदै रहुंला.
१५. बांकि आफनु हवाल अघि लेष्याको तिमिलाइ जाहिरै छ. आजसंम ऋण उ–
१६. धार गरि बडा कठिनले निर्वाह गरियो. - -2- - जांदाका र रोजमरा षर्चका महाज–
१७. नको बडो तगादा छ. बिंती गरि षर्चको निकासा गरि चांडो पठाइदिया हुर्मत र–
१८. हन्याछ. मेरो झिजो तिमिलाइ रहंछ. ..3 ले इलाका तिमिसित गरिया त क–
१९. स्ल(ाइ) पाउनु. तिमिलाइ उभयलोकको विचार छ र दुनिञैको आशा रहं –

२०. छ. ह(ा)मि त परियारै हुं. बहुत क्या लेषु. तिमि प्रवीण छौ. विज्ञेषु किमधिकमिति.
२१. आश्विनवदि २ रोज ६. मुकाम बनारस. शुभम्

# पञ्जाबराज्यको खबर

१. ... हुद्दा सिपाहिको सेवा सलाम्
२. (क)रबिर थापाबाट तिर कमान्लि आउन्या हबल्दार केवल्...
३ कहृयाको षबर
४. ... हामिहरु लाहुरमा छदै फागुन मंन्हामा एक दिन संध्याकाल लगाए–
५. त् अर्द्धरात्रिसम्म बरोबर तोप बंदूक्को बढाहि भयो र यो बढाइ क्याको हो भनि
६. हामिले सोद्धा आज रणजिंसि बर्चामा बहिडाया. नौनेहाल्सिले ७ पल्टन् पा–
७. या भंन्या कुरा सबैले गऱ्या. रणजित्सिलाइ आषाले देष्यौं भन्न्या कोहि निस्के–
८. नन्. उसका भोलिको दिनमा नौनिहाल्सिले कुच् गऱ्याको देष्यौं र काहा जान्छ–
९. न् भनि सोद्धा पेसवरमा जान्छन् भंथ्या. हामिहरु लाहुरबाट अंबरसहर आईपु–
१०. ग्दा ३ सये तिलंगा साथमा लि लुध्यानाबाट् एक् गोरा साहेब आयेछ र अम्बर सह–
११. रमा हामिले देषता यो साहेब क्या कामले जाहा आयो भनि सोध्यौं र एस्सित रण–
१२. जित्सिको दोस्ति छ. मलाइ आराम् भयो भेटन आ भनि रणजित्सिले बोलाइ प–
१३. ठाउदा यो साहेब् भेट्घाट् गर्न आयाको हो भनि भंथ्या. शुभम्

# जमादार मन्नूसिंह, जमादार अैमानसिंह अधिकारी र मेजर रघुले लखनौबाट वि. सं. १८९४ फाल्गुनवदि ६ रोज ५ कौ दिन लेखेको अर्जी

छापमा

| श्री |
|---|
| मन्नुसिंघ |

१. (अ)र्जी– – – – – – – – – – – – – – – – – – – – – – – – – – – –
२. – ा – चरन षुशी – –कानपूरबाट हामिहरु लषनौ आईपुग्या
३. ... (ला)ठसाहेब··· छ. तेसै फत्येपूरमा बुंदेल्षंडका र(ाजा)
४. ... (मा)नीस्को... को तप्सोल् . को राजा रतन...
५. ... गर्न ... गैह्लको २१ किस्ती र ५० अशर्फी ...

६. ... किर्मास हात्ती घोडा कि(नषा)प् दुशालाको १० किश्ती र ११
७. ... को राजा बुर्धसिले हात्ती घोडा किन्षाप् दुशाला जवांह–
८. ... अशर्फी नर्जदिया. दतीयाको राजा पारीछित्ले हात्ती
९. ... दुशाला किन्षाप्को ११ किश्ती र २१ अशर्फी नर्जदिया. रीमाको रा–
१०. (जा) ...तिले हात्ती २ घोडा ५ दुशाला किन्षाप्को ९ किश्ती र ११ अशर्फी नर्जदि–
११. (या.)...पाल्को राजा वीरबल्ले हात्ती २ घोडा ६ किन्षाप् दुशालाको ९ किश्ती
१२. ... अशर्फी नर्जदिया. उं ट्छेको राजा विक्राम्जीत्ले हात्ती घोडा दुशाला किन्–
१३. (षाप्) ११ किश्ती र १० अशर्फी नर्जदिया. झांसीको राजा रघु राई उन्का कारोबारि शि–
१४. ... उ बिजावरको राजा अजीगढ्को राजा गरोलीको राजा जालेवनको राजा ट–
१५. ... काल्पीको नवाब्को वकील् इनिहरु सबैले हात्ती घोडा दुशाला कि–
१६. (न्षाप् अस)र्फी नर्जदिया. इ सबै राजाहरुलाई लाठ्साहेब्ले जनहीं पांच् पां–
१७. च्... (षि) ल्लत् दिया. इ सबै राजाहरुले कान्पूरसंम पुऱ्याऊन आया.
१८. (कानपू)रको छाउनी ६ कोसको बिस्तार रहेछ. यस् छाउनीको मालिक ज-
१९. नरल ... बिन्न साहेब् रहेछ. त्यो लाठ्साहेब्संग गयो. उस्को बदलामा कमा–
२०. (ण्डर) जनरल मकलंडन् साहेब् रहेछ. गोराहरुको एक् एक् हजारको २ पल्टन्
२१. ... एक रिसाला गोलंन्दाज् पांच् सै र कर्नेल् रहंदो रहे–
२२. (छ.)...पांच् पल्टन् र छ सैको तुरुक् सवार २ रिसाला पां–
२३. (च्)...आठ् कर्नेल् रहंदो रहेछ. (रिस)ाला तुरुक् सवारको
२४. ... मा नेपाल् बस्न्या रजीडंटले जहांको छाउनीमा ब–
२५. ... पठायाछन्. जहां नेपालको ‾1‾ ‾ बाट ताहां ठा–
२६. ... हरु पठाऊन्याछन्. षबर्दार गरि बस्नु भनि हामी
२७. ... हरु काहां जान आयाको हो भनि सुध्याउन्दा हा–
२८. ... हु यस्तो कुरा हामिहरुलाई याद छैन. यस्तो षबर अं–
२९. ... छ भनि बडो दोस्ति गरि सुध्याउंदा त्यो मानिस् भला
३०. ... हिन्दु रहेछ. ... जाहां जाहां अंगरेजको कम्पनी छ. ताहां ताहां चिठी
३१. आयाका छन् भनि भं . का उश्ले चिठि षोलि हेऱ्यो भन्या हामिहरुलाई प–
३२. क्रं छ कि भंन्या दहशत्ले (कान)पूरबाट अर्जि चऱ्हाई पठाउन सकियेन. लाठ्सा–
३३. हेब् भ(न्या का)न्पूर फर्काबाद बरेलीको बाटो राम्पूर गया. उ बाटो जांदा ढेरै फेर
३४. पर्दो रहेछ. सोझो बाटा गयाका (भ)या आजसंममा हामीहरुले भेटाउंन्या थिऔं.

३५. ... पुग्दछु. ताहां ४/५ दिन बसि मर्मकद्रर पायासंमको समा-

३६. (चार) लेषि चह्राउन्दै ... दा ब्येअह्री लेषियाको कसूर माफ बक्स्या जावस् =

३७. (इ) ति सम्वत् १८९४ साल् मिति फागुनवदि ६ रोज ५. मुकाम् लष्नौ शुभम् = = =

३८. (जमा)दार मंर्नूसि ज्मादार ग्रेमासिं अधिकारी मेजर रघु

३९. ... कोर्निश् कोर्निश् कोर्निश् गुजरे. शुभम् = = = =

○

# वि. सं. १८९५ आश्विनशुदि ३ रोज ६ मा कालिकाझाडबाट पठाइएको अर्जी

१. [अर्जि] — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — —

२. ··· तिम्म्रा सर्षारमा लामालाई र दिबुलाई चिठि चाहिन्छ भनि अर्जि लेषि चह्राई पठायाथ्यौ. ... (के)हि आयेन. हाम्म्रा दिबुलाई नेपाल सर्षारका मं-

३. ... जाहां आई ब .. न्. ताहां पठाईदि डाक जाहिबाटो फेराईदिन्या हो भनि साधक् पठा ... यो जवाप् केहि आयेन. आजकाल् हाम्म्रा दर्बारमा

४. ··· आफस्मा ल ··· गर्नु लागिरहेछ. कसो गरि जान्छौ. फिरि आफ्नु मुलुक्मा जाउ र चिठि लिई आउ र जाउला भनि दालिम्कोटको सुब्बाले

५. ... असोजका ··· दिन जादा म मेचिको किवार कालिकाझाडमा आईपुग्या. धर्माको षवर ... दिबु कारबार छोडि पर सरि बस्याको रहेछ. पाक्पेल्लो

६. टासिना पलयफ दिबु गरायाछन्. धागा पेल्लो र ढौसा पेल्लो पुना जौये बविपुर जौये येतिले येकान् गराया-छन्. ई दुई दिबु नमिलि निसे लडाई गर्न ला-

७. गिरहचाछन्. कठाम्सितको लडाञी भयाको बिज् दालिम्कोटको तालुक्को येउटा किसति ... रहेछ. तेई जगा म लिन्छु भनि हर्कमनि कठा-

८. म्ले दालिम्कोटको सुब्बालाई भनेछ र म दिन्न भन्न्या जवाप् दियेछ. कठाम्ले किराति भन्या क - - जफत् गर्न षोज्छ. कसो गर्न्या हो भनि आफ्नु दर्बा-

९. रमा साधनु भनि गयेछ. सुब्बा धर्माबाट नर्फाकि उस्ले जगा जफत् गर्‍येछ. सुब्बा आफ्नु दर्बारबाट फिर्‍यापछि तिन वर्षसम्म लडाञी गरेछ. लडाञी गरी

१०. सुब्बा मरेछ. पोरको साल नञा सुब्बा लडाञी गर्नुलाई लस्कर लिइ आयेछ. तेई सुब्बाको आधा ज - - तालुक्मा राष् लडाञी नगरूं भनेछ र धर्म गराये-

११. छ. कठामको ३ तोप् र ७ बन्दूक दालिम्कोट ल्यायेछन्. अञ्ञ कठाम्को साथमा २०० सये नालबंदि जवान् रह्याकै रहेछ. धर्माका तरफ्को हाम्म्रा प–

१२. बंत्या केहि लस्कर दोर्जि(लिं) ... केहि लस्कर कठाम्सित गयेछ. कठाम्लाई पनि तसितको पाहाडिया पठाई वे भनि दोर्जिलिं बस्न्या फि–

१३. लिंगिले चिठि पठाया ... (ग)ढिमा पनि बंगालिहेरूलाई पठाईदे भनि चिठि पठायाको रहेछ. सुकिम्को मुलुक् पंषाबारिमा हिल् पल्ट–

१४. न् जमाउन लागिरहेछ. ... नि छाउनि परेछ. आजकाल् लाटर पनि दोर्जिलिंबाट तितलिया आई बस्याको छ. गोरा काला सन्तरि

१५. रातो दिन् दोर्जिलिं ज...नि बेगारको धुम् लागिरहेछ. म पनि बिराम् भै रह्याछु. बक्तुवार भडारिबाट लेषन्या मानिस् पठा–

१६. याको मेरै साथम(ा) ... घाट् सब् बंन्द छ. अघि ठाना नभयाको जगामा पनि ठाना बसाई राषेछ. दोर्जि–लिंदेषि दषिन षो–

१७. सानगढिमा ... राष्याको रहेछ. इति सम्वत् १८९५ साल (मिति) आस्युनसुदि ३ रोज ६. मुकाम कालिकाझाड्. सु

१८. मम्

१९. ... (को)टि कोटि कुनर्श डण्डवत्.

२०. डण्डवत् डण्डवत् सेवा सेवा सेवा

# वि. सं. १८९५ चैत्रशुदि ३ रोज ४ कौं दिन लाहुरबाट पठाइएको अर्जी

श्री:

श्री ५ सर्कार

१. (अर्जि,

२. ... या लेषि साल्जामाको नमोनास्मेत् दि एहिबमोजि–

३. (म) ... (बनाउ)नु भनि हामिहरुलाइ अह्राइ मर्जि गरि पठाउनुभयाको

४. ... म सहर्का सबै कोठिका साल्जामा हेरियो. नमोनाबमोजिम्को

५. रंग षत्... एक् थान पनि ठहरेन र सबै माहाजन् दलालिहरुले एस् नमोनाब–

६. मोजिमको साल्जामा भया लाहुरमा रणजित्सिंका तोसाषानामा होला म–

७. न्या र लाहुरमा गै भुपाल थापालाइ भनि तोसाषानामा तलास् गर्दा पनि मिलेन र
८. कास्मिरमा जानुपऱ्यो भनि रस्ता कस्तो छ भनि सोधपुछ गर्दा जो भयाका गोर्षालि
९. पुर्विया पंजापि माहाजन् सबै जनाले विनाचैतले कास्मिरको रस्ता पनि षुल्दैन. श्रे–
१०. ल्हेको समये अनिकाल् परि कास्मिर उजार भैरहेछ. जंबूको मुलुक्को बाटो गरि का–
११. स्मिर जानुपर्छ. जंबूका मुलुक्मा मुसलमानहरूले पर्देसिले लायाका अंगको क–
१२. परा पनि उतारिलिछन्. तिमेरु रुपैया उतारि कास्मिर पुऱ्याउनु सकेनौ. बिचमा रु–
१३. पैया डुबन जाला. काम् पुग्न कठीन होला. कास्मीरका कारिगढहरु जाहि आइरहचा–
१४. छन्. कस्मिरको शुत् पनि मिलछ. नमोनाबमोजिमको जाहि बनाउन लगाया पनि
१५. बनि तयार होला भन्न्या कुरा गऱ्या र कास्मिर जाउ भन्या बिचमा धन् डुब्यो भन्या त बि–
१६. गार पर्ला भनि हामिले पनि कास्मिर जानालाइ आट्न सक्युन र कस्मिरको शुत्
१७. तलास् गरि नमोनाबमोजिमको साल्जामा जाहि कालिगढहरुलाइ बुन्न लाउन्या का–
१८. (म भय)को छ. तानि चढायाको मैन्हा दिनमा एक् बिलस्त भर मात्रै बुनिन्या रहेछ. पांच्
१९. – – – – – चढिरहेछ. इ तैयार भयापछि अरु थान तानि चढाइ बनौला भंछन्. जो बुनि–
२०. याकासग नमुना जोरि हेर्दा रंग षत् शुत् मिल्या झै लाग्छ. कारिगढहरुले भन्याब –
२१. मोजिम् कबोलि बुन्न लाउनुपर्दा षर्च यादै लाग्न्या भयो. माल् महगो ठहर्छ कि क–
२२. सो हुंछ. येस्तो साल्जामा बुन्नाषा भन्या मिहिनत् ठुलो पर्न्या रहेछ. आषाढ मैन्हासम्म
२३. फर्मासिबमोजिमका साल्जामाका थानहरु तयार हुनन्. हामिहरु पनि श्रावन मैना–
२४. मा ताहां दाषिल् हौंला. जाहा पनि अनिकाले परिरहेछ. अन्न बहुत महगो छ. चावल्
२५. रुपैयांको पाथि २ माना ४ आटो पाथि ३ माना ४ ठहर्छ. मंले र सिपाहिहरुले जो ल्या–
२६. (याको) षर्च षाइसक्यु . कम्मरका षुकुरि पनि बिक्या. – – – – का रुपैया षर्च गर्नु भयेन.
२७. कर्ज षोजि षोजि षान लागिरहचाछौं. यो कर्जा तिर्न जागिरले पनि पुग्न्याछैन. हजूरबाट
२८. निगाहा रहेन भन्या त हामिहरु सारै नासिन्याछु. जाहाको हाल्सुरथका अर्थ कास्मि–
२९. रिहरु गल्लिगल्लिमा बुढा बालष् लोग्न्या स्वास्निहरु सबै षान देउ भनि टुकु–
३०. रा मागि मागि हिड्न्या लषौं देषिछन्. षान नपाइ गल्लिगल्लिमा मऱ्याका पनि ढेरै दे–
३१. षिछन्. माहाबिजोग् देषि लागिरहेछ. कस्मिर भन्या उजार भयो भंछन्. कस्मिर–
३२. मा बदोबस्त गर्न रणजितसिंका नोकरिमा रहयाको फिरंगि फागुनमा गयो. पेसवर–
३३. मा दुरानि उठयो भनि षड्गसिंको छोरा नौन्याहालसिं पनि सात् पल्टन् लि पेसवरतर–
३४. फ गयाको छ. रणजितसिंको अर्थ र वेषन कोहि पाउदैन. सहरवासिहरु पनि कोहि म–

३५. मऱ्यो भंछन्. कोहि मऱ्याको छैन. अब ता आराम् भयो भंछन्. श्रवन्नाथ बाबाजिछेउ सोध्या–
३६. उदा रणजित्सिं मऱ्याको छैन भंछन्. आजसम्म त कारिंदाहरु पनि पुरानै छन् भंछन्. हा–
३७. ल् हुकुम् षड्गसिं चलाउन लागिरह्याछन्. रनजित्सिं बस्याका ठाउमा त षड्गसिं
३८. मात्रै पुग्छ भंछन्. लाहुरको षबर येस्तै छ. अघि अंग्रेजसंग बिदा भै आफना काबिलमा
३९. ··· गयाको काबिल्को बाछाहलाइ बिचमा टोप्याले लडाजि दि १४ सये फौज
४०. ··· येता गयो उता गयो भंन्या षबर केहि छैन भनि सहरमा सबै जना बोल्–
४१. (छन्) ... (ज)ो निस्तुक् ठहर्न मात्र बिस्तार बिंति गरि पठाउला. बिशेषु कि–
४२. (मधिकम्. इति संवत् १८९५ सा)ल मिति चैत्रसुदि ३ रोज ४. मुकाम् लाहुर शुभम्

# वि. सं. १८९७ को कोतको लगत

श्री:

१. ९७ साल वैशाखवदी १ रोजदेषि ९८ साल मार्गवदी रोजतक् कुमेदान् कनर्सी मह–
२. तका पालामा सुबेदार रणसिं थापाका पाला जगाजगाबाट सुना चादी आम्दा–
३. नी आयाको कोतका जगेरामा थिचि बन्याको चांद तोडा गैह्र
४. आम्दानी सुन चांदी ज्मा तोला ११८५।४।५
५. सुना ज्मा तोला २०९।८।५
६. चांदी ज्मा तोला ९७७।६।
७. ९७ साल्
८. श्रावणवदी १३ रोज २
९. श्री ५ माहिला साहेबज्यू श्री ५ साहिला साहेबज्यू–
१०. का साथ रहऱ्या केटा चाकरी गर्न्याहरुके लेटरन
११. मोनाका चादतोडा बनाउनाके – – – को हुकुम
१२. भै कोतका जगेरामा बुझ्याका नआ गोरषका
१३. छापा गोटा २३९ के चांदी तोला ६७१।.।.
१४. कार्तिकशुदी १ रोज ६
१५. श्रीरामदल पल्टन्का निसान्का छड् २ र फुदा फु–
१६. ली फेरनाके वसंतपूर तहबीलबाट आयाको सु–

१७. ना चांदी हस्ते कप्तान भुवन्सीं सुना चांदी जमा तोला —————— १००।६।८

१८. सुना तोला —————— ६६।.।८

१९. कार्त्तिकशुदी १ रोज तोला—४८।४।.

२०. ऐ शुदी १ रोज के तो—१७।६।८

२१. कार्तिकशुदी १ रोज चांदी तोला—३४।६।.

२२. कार्त्तिकशुदी ८ रो २

२३. श्रीनाथ कंपूका दफदर कचहरीका ९७ सालका

२४ आम्दानीमध्ये मार्फत् कपर्दार कुलराज पांडे ह-

२५. स्ते डिठ्ठा अमृतसिद्धि बदस्त बहिदार बक्तवार

२६. बापत् कप्तान् उजीरसिं थापाका सुनका चाद-

२७. मा थपनाके मोहरु २० के सुना तोला——१।.।.

२८. मार्गबदी ८ रोज ३

२९. सिंहनाथ पल्टन्का थप गोलंदाजके चांदतोडा

३०. (मा)र्फत् काजी कालुसिं — ...

३१. —————— २७७।७।७

○

# धर्माधिकारको तहबीलबाट नीलकण्ठ उपाध्यायलाई वि. सं. १८९७ माघबदि ६ रोज ४ को दिन गएको पुर्जी

श्री :

श्रीधर्माधिकार — १      श्रीबाबुसाहेब — १

१. स्वस्ति श्री $\frac{-}{1}$ का तहबीलकस्य. नीलकण्ठ उ-

२. पाध्याके पुर्जि. उप्रान्त पाटन्का ९७ सालका प्राय-

३. श्चित्तका आमदनीमध्ये ठुला बढिञा सुकुल ४

४. र रास्रा कुसासन २ जमा ६ $\frac{-}{2}$ बाट र्माज

५. भयाको छ. षरिद गरि सहरका घरमा पठाइ–
६. देउ. कुसासनलाइ ढिल भया पनि सुकुल चांडो
७. पठाइदिनु. इति संवत् १८६७ साल माघवदी ६ रो ४

(छेउमा)

शुभ्म्

(पछिल्तिर)

१. मघव ७ सु ४ के मो ज्मा ———— २॥।≡।)
२. कुशासन् ———— ॥

# कान्तमणि वैद्यको अर्जी

श्रीः

श्रीकाशि
२

शिव
३

श्री ५ प्रभु.
१

श्री ५ सर्कार.
४

१. अर्जि
२. उप्रान्त सात पुर्षादेषिको सेवक हुं. सातै पुर्षाले कसै भैवाद
३. भारादारहरुका दैलामा पनि छिरेनन्. षुसामत पनि राषे–
४. नन्. सिरिफ श्री ५ [1] का चरणंको आधारमा रहन्त्या.
५. ष्वामितैबाट निगाह बक्सदा पर्बास्ति भै नांउ राषि बक्स्या
६. जांथ्यो. म पनि बालषैदेषि षामितंका हजूरैमा रह्याको
७. हुं. षामितबाट धर्मपुत्र हुकुम भै पालि बक्सनुभयाको
८. हुं. कसैका दैलामा पनि छिर्‍याको छैन. कसैको षुसा–
९. मत पनि गर्‍याको छंन. मेरो बिन्ति पनि कोहि पुर्‍याइदि–
१०. न्या छैनन्. श्री [2] वासलाइ महतारि जानुभयाको छ. पं–
११. ध्र वर्ष भयो. कहिले पनि पुग्न सकियन. अहिले आराम पनि
१२. छैन भनि मलाइ डाकि पठांउनुभयेछ. श्री [3] स्थापनाको
१३. मनसुब्बा राषनुभयाको छ. तेतिस वर्षको ढाक्र्या. श्री [4]
१४. देषि कहिले केहि नपांउन्या मैले कस्तो तरहले जाई त्यो
१५. काम पुर्‍याइदिन्या हो. जो षामितको हुकुम. सो शिरउपर.
१६. धेरै कहातक अर्जि गरु. चरणकमलमा जहारै होला. शुभम्
१७. शुभचिन्तक ब्राह्मण कान्तमणि वंद्यको वेदोक्तशुभाशी–
१८. र्वादशतम् ————

पूर्णिमा ( इतिहास-प्रधान त्रैमासिक पत्रिका )

का. मे. अ. नं. १५५/२४९

कार्यालय-

## संशोधन—मण्डल

१०/३७४ वट्टु सवलबहाल, काठमाडौँ, नेपाल

# वि. सं. २०४१ आषाढ

यस अङ्कको मूल्य रु. १५-

मुद्रक-
प्रभात प्रिन्टिङ प्रेस, झोछेँ, काठमाडौँ ।